जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १९६ • २०८० साल मंसिर २८ गते बिहीबार (14 December, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम

धनुष यज्ञ
समयः बेलुका ५ बजे
स्थानः जानकी मन्दिरको प्रांगणमा

बाराको सिम्रौनगढमा प्रहरीको गोली लागेर युवकको मृत्यु

दर्जन राउण्ड गोली प्रहार, मेयर र आन्दोलनकारी पक्षबीच जिप्रकामा छलफल

रञ्जन यादव

कलैया । बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा प्रहरीले चलाएको गोलीबाट बुधवार एकजना युवकको मृत्यु भएको छ । नगरपालिकाका आन्दोलनरत कर्मचारी र प्रहरीबीच भएको झडपमा प्रहरीले चलाएको गोलीबाट एकजनाको मृत्यु भएको छ ।

गोली लागेका सिम्रौनगढ नगरपालिका वडा नम्बर १ का २५ वर्षीय लक्ष्मी मुखिया बिनको मृत्यु भएको नारायणी उपक्षेत्रीय अस्पतालले जनाएको छ । बारा जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी सन्तोष काफ्लेले मुखियाको मृत्यु भएको पुष्टि गरेका छन् ।

स्थानीयका अनुसार प्रहरीले चलाएको अन्धाधुन्ध गोली लागेर उनको घटनास्थलमा नै मृत्यु भएको छ । प्रहरीले घटनालाई नियन्त्रण गर्न ४५ राउण्ड अश्रुग्यास(टीयर ग्यास) र १२ राउण्ड हवाई फायर गरेको बताइएको छ । एसपी काफ्लेले प्रहरीमाथि समेत ढुंगामुढा हुन थाले पछि स्थितिलाई नियन्त्रणमा लिन

अश्रुग्यास चलाउदा पनि भीड तितरबितर नभएपछि प्रहरीले हवाईफायर गरेको जनाएका छन् ।

एसपी काफ्लेका अनुसार मेयर किशोरी प्रसाद कलवारले नयाँ प्रशासकीय अधिकृत महेश कुमार मिश्रलाई कार्यालयमा हाजिर गराउने प्रयासगर्दा झडप भएको थियो । कलवार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)बाट मेयरमा निर्वाचित भएका छन् ।

मेयरको बिरोधमा उपमेयर लगायतका पदाधिकारी र अधिकांश कर्मचारी रहेको बताइन्छ। प्रशासकीय अधिकृत नहुँदा कर्मचारीहरुको तलब, सुबिधा लगायतका काम अगाडि बढाउन नसकेको बताउँदै मेयर कलवारले आन्दोलनरत्त कर्मचारीहरुको माग पूरा गर्न प्रशासकीय अधिकृत ल्याएको दाबी गरेका छन् ।

तलब र सेवा सुविधाको मागगर्दै नगरपालिकाका कर्मचारीहरु करिब २ महिनादेखि आन्दोलनमा छन् । कर्मचारीहरु सेवासुविधाको मागगर्दै गेटमा धर्ना बसेर आन्दोलन गर्दै आएका छन् ।

नगरपालिकाका मेयर कलवारले सरुवा भएर आएका प्रशासकीय अधिकृत मिश्रलाई जबर्जस्ती हाजिर गराउने प्रयासगर्दा विवाद उत्पन्न भएको थियो । नयाँ हाकिम मिश्रसंग आफूहरुको समस्या किन सुनाउन नलगाएको भन्दै मेयर कलवारविरुद्ध आन्दोलनरत कर्मचारीहरुले गेट बाहिर टायर बालेर प्रदर्शन गरेका थिए ।

मेयर कलवारले हाकिमसहित कार्यालयमा आफू थुनिएको सुइँको पाएपछि बारा प्रहरीसंग गुहार मागेका प्रहरी अधिकारीहरुले जनाएका छन् । सो क्रममा घटनास्थलमा पुगेको प्रहरी टोलीमाथि कर्मचारीहरुले ढुंगामुढा प्रहार गर्दा दोहोरो झडप भएको बताइएको छ ।

स्थिति बेकाबु हुन लागेपछि सुरुमा अश्रुग्यास प्रहार गरेको प्रहरीले दर्जन राउण्ड हवाइफायर समेत गरेको थियो ।

झडपमा प्रहरीतर्फ १० जना घाइते भएको बाराका एसपी काफ्लेले जनाएका छन् । घाइते प्रहरीको उपचार प्रादेशिक अस्पताल कलैयामा भइरहेको छ ।उनीहरु खतरामुक्त रहेको उनले बताए । प्रदर्शनकारीतर्फ भने अन्य कोही घाइते नभएको एसपी काफ्लेले जनाएका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको निर्वाचन क्षेत्रमा सिम्रौनगढमा शान्तिसुरक्षाको अवस्था कमजोर रहेको छ। बिगतमा पनि त्यस नगरपालिकामा हिंसात्मक घटनाहरु भएका छन् । एसपी काफ्लेको आगमन भएदेखि कलैया उपमहानगरपालिकामा एकजनाको दिनदहाडै गोली हानेर हत्या गरिएको घटना सेलाउन नपाउँदै प्रहरीको गोली लागेर युवकको ज्यान गएको छ ।

भर्ना सम्बन्धी सूचना
केही सिट मात्र बाँकी रहेकोले समयमै आवेदन फाराम भरी मौकाको फाइदा उठाउनुहोस् ।
फाराम भर्ने अन्तिम मिति : २०८०/०८/२८
प्रवेश परीक्षा मिति : २०८०/०८/३०
. BE CIVIL 4 years
. BBA 4 years
. MBA 2 years
भुकम्प प्रतिरोधात्मक तथा भौतिक पूर्वाधारले सम्पन्न जनकपुरमा अवस्थित आफ्नो ठुलो भवन
CENTRAL ENGINEERING COLLEGE
जनकपुधाम (रामानन्द चौक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel: 041-527336, 9801124336, 9854024600, 9851048617, 9801048617
email: centralegg@gmail.com

पर्साका १७७ उद्योग बन्द

टुडे समाचारदाता

वीरगञ्ज । आर्थिक मन्दीका कारण पर्सामा आर्थिक वर्ष २०७९/८० मा १७७ उद्योग बन्द भएका छन् । घरेलु तथा साना उद्योग कार्यायलका अनुसार आर्थिक वर्ष २०७९/८० मा १७७ उद्योगले लगत कट्टा गराएका छन् । आव २०७८/७९ मा पर्सामा १५२ उद्योगले लगत कट्टा गरिएका थिए ।

बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभावलगायत कारणले उद्योगहरुको धमाधम बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख धनञ्जयकुमार सिंहले बताए । घरेलु तथा साना उद्योग कार्यालयमा आर्थिक वर्ष २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका थिएभने आव २०७८/८९ मा एक हजार ४८० उद्योग दर्ता भएका थिए ।

आव २०७९/८० मा एक हजार २७५ उद्योगको नवीकरण, १६५ वटाको पुँजीवृद्धि, ३३ वटाको ठाउँसारी र ८४ वटाको नामसारी भएको सो कार्यालय जनाएको छ । आर्थिकवबर्ष २०७९/८० मा रु. एक करोड ६ लाख ३९ हजार २५० राजस्व सङ्कलन भएको थियो ।

उक्त आवमा चार हजार ४६० जनाले रोजगारी पाएको प्रमुख सिंहले बताए ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)


टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE

विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था
सम्पर्क नं. ९८५४०३०५०१, ९८५४०२७५९१

सप्ताहव्यापी विवाहोत्सवको दोस्रो दिन फुलवारी लिला गरिदै : *तस्वीर संजय यादव*

काठमाडौं विश्वविद्यालयका एक हजार आठ सय ३८ विद्यार्थी दीक्षित

टुडे समाचारदाता

काठमाण्डु । काठमाडौं विश्वविद्यालयका एक हजार आठ ३८ विद्यार्थी बुधबार दीक्षित भएका छन् । प्रधानमन्त्री तथा उक्त विश्वविद्यालयका कुलपति पुष्प कमल दाहाल ' प्रचण्ड'ले २९औं दीक्षान्त समारोहमा ती विद्यार्थीलाई दीक्षित भएको प्रमाणपत्र प्रदान गरे । दीक्षित हुनेमा पीएचडी, डिएम र एमसिएचमा स्कुल अफ आर्ट्सका एक, शिक्षाका तीन, मेडिकल साइन्सेजका १२ र विज्ञान विषयका दुई जना गरी १८ जना रहेका छन् ।

त्यस्तै एमफिल तहका ३८, स्नातकोत्तर तहका तीन सय १४, पिजिडी तहका ५२ र स्नातक तहका एक हजार चार सय १६ जनासहित एक हजार आठ सय ३८ विद्यार्थी २९औं दीक्षान्तको पहिलो चरणमा दीक्षित भएको काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टसका सहप्राध्यापक एवं विश्वविद्यालयका प्रवक्ता एक्कुमाया पुनले बताए ।

समारोहमाकाठमाडौंविश्वविद्यालयको इतिहासमा पहिलोपटक स्कुल अफ इञ्जिनियरिङअन्तर्गत् माष्टर अफ टेक्नोलोजी इन आर्टिफिसियल

इन्टेलिजेन्समा एक, स्कुल अफ मेडिकल साइन्सेजअन्तर्गत् माष्टर अफ साइन्स इन मिडवाइफेरी नर्सिङमा आठ र स्कुल अफ एजुकेसनअन्तर्गत् माष्टर इन हायर एजुकेशनमा नौ जनालाई पनि उपाधिको प्रमाणपत्र दिइएको थियो

यसैबीच विश्व विद्यलायले प्रदान गर्दै आएका पदकमध्ये पहिलो चरणको भाइस चान्सलर स्वर्णपदक स्नातक तहमा सबैभन्दा बढी अङ्क ८४ दशमलव २६ प्रतिशत ल्याउन सफल विराटनगरको विराट मेडिकल कलेजका सनम ढकाललाई प्रदान गरिएको थियो ।

त्यस्तै एमबी ए तहमा सबैभन्दा बढी तीन दशमलव८९ सिजीपीए प्राप्त गर्न सफल स्कुल अफ मेनेजमेन्टका विनायक घिमिरेलाई जुद्धबहादुर श्रेष्ठ स्वर्णपदक, एमबीएमा तीन दशमलव७८ सिजीपीए प्राप्त गरी सर्वोत्कृष्ट हुन सफल स्कुल अफ मेनेजमेन्टका विद्यार्थी अङ्कित सुवेदी, एमबीबीएसतर्फ स्नातक तहमा सबैभन्दा बढी अङ्क ८० दशमलव २९ प्रतिशत प्राप्त गर्न सफल विराज मेडिकल कलेजका संस्कृतिश्री ढकाललाई न्हुछेरत्न तुलाधर स्वर्ण पदक र स्कुल अफ मेनेजमेन्टमा स्नातक तहमा सबैभन्दा बढी तीन दशमलव ९७ सिजीपीए प्राप्त गर्न सफल सौगात बाँस्तोलालाई प्रेमराज पन्त स्वर्ण पदक प्रदान गरिएको थियो । दीक्षान्त समारोह शताब्दी पुरुष वरिष्ठ चिकित्सक डा गौरीशङ्करलाल दासको पनि सहभागिता थियो ।

राज श्रीको शेयर पूँजी ७४ करोड भन्दा बढी

टुडे समाचारदाता

मलंगवा । एकैसाथ १२ हजार व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारी दिन सफल नेपालकै सबै भन्दा ठूलो तथा प्रथम स्थान ओगट्न सफल सर्लाहीको मलंगवामा रहेको राजश्री सेक्विंस एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेडको २३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । बुधबार मलंगवामा आयोजित एक समारोहबीच राज श्रीको साधारणसभा सम्पन्न भएको छ ।

पूर्वमन्त्री रामचन्द्र रायको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संस्थाका कार्यकारी अध्यक्ष नागेन्द्र प्रसाद यादवले आर्थिक वर्ष

२०७९/०८० को आय-व्यय प्रस्तुत गरेका थिए । अध्यक्ष यादवले प्रस्तुत गरेको वासलातमा उल्लेख भए अनुसार संस्थाको एक वर्षको अवधिको निक्षेप संकलन १६ अर्व २५ करोड १४ लाख ३३ हजार रुपैयाँ रहेको छ भने ऋण लगानी १३ अर्ब ६ करोड ५७ लाख ९९ हजार रुपैयाँ रहेको छ । संस्थाले सोही आर्थिक वर्षमा ७६ लाख २० हजार ४ सय ४६ रुपैयाँ नाफा कमाएको अध्यक्ष यादवले जानकारी दिए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै प्रबन्ध निर्देशक राम लक्षण रायले राज श्री नाफामा गएको संस्था रहेको बताउँदै संस्थालाई नाफामा पुर्‍याउन र देशमै नम्बर एक बनाउनमा सहयोग पुर्‍याउन सम्पूर्ण कर्मचारी, सेयरधनी, बचतकर्ता, फिल्ड कर्मचारीहरुको ठूलो योगदान रहेको भन्दै संस्थाको तर्फबाट धन्यवाद दिएका थिए ।

सोही अवसरमा संस्थाको तर्फबाट कार्यकारी अध्यक्ष यादवले संस्थाको सेवा केन्द्र मलंगवामा सबै भन्दा बढी ५ करोड ७८ लाख रुपैयाँ निक्षेप असुल गरेर उत्कृष्ट फिल्ड कर्मचारी बन्न सफल भएका मलंगवाका खुशीलाल यादवलाई कदरपत्र र पुरस्कारद्वारा सम्मानित गरेका थिए ।

यादवसगै दोस्रो स्थान हासिल गरेका राकेश मल्लिक र तेस्रो स्थान हासिल गर्न सफल भएका संतोष साहलाई पनि कार्यकारी अध्यक्ष यादवले कदर पत्र र पुरस्कारद्वारा सम्मानित गरिएको थियो । पूर्व मन्त्री रामचन्द्र रायको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विशिष्ट अतिथि मधेश प्रदेश सांसद कौशल किशोर राय, पूर्व सांसद लक्ष्मण राय, राज श्रीका मुख्य प्रबन्धक राजनहरी श्रेष्ठ ,समाजसेवी एवं व्यापारी संजय गुप्ता, संस्थाका उपाध्यक्ष सत्यनारायण अग्रवाल, संचालक समितिका सदस्य, विभिन्न सेवा केन्द्रका कार्यालय प्रमुख, कर्मचारी, सेयरधनी, बचतकर्ता तथा पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सगरमाथा आवासीय प्राथमिक विद्यालय मलंगवाका विद्यार्थीहरुले विभिन्न साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने कार्यक्रमको संचालन सुवोधहरि राजोपाध्यायले गरेका थिए ।

छिन्नमस्तामा बालविवाहबिरुद्धको अभियान

टुडे समाचारदाता

राजविराज । छिन्नमस्ता गाउँपालिकाले जनस्तरमा चेतना जगाई थालेको बालविवाह मुक्त पालिका अभियान अन्तर्गत बुधबार वडा नं. १ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

वडा नं. १ को बरही विरपुर खेलमैदानमा आयोजित एक भब्य समाहरोबीच बुधवार सो वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । छिन्नमस्ता गाउँपालिकामा कुल ८ वटा वडा रहेको छ । बालविवाह मुक्त वडा घोषणा गर्न गरिएको विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यसै कै आधारमा यस्तो घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताए ।

उनका अनुसार सो वडामा २ हजार ६ सय पुरुष र २ हजार २ सय ८६ महिला गरी ५ हजार २ ९ जना जनसंख्याको वसोवास रहेको छ । वडाका विभिन्न समुदायका प्रतिनिधि, मान्यजन, अगुवा लगायत संग पटक-पटक लामो बहस चलाई बालविवाह हुन नदिने प्रतिबद्धता समेत आएको उनको भनाइ छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवले अभिभावकले समेत सन्तानको बालविवाह नगर्ने, नगराउने, कतै भए वहिष्कार गर्ने प्रतिबद्धता जनाएको बताए ।

बालविवाह मुक्त वडा घोषणा लेखिएको ब्यानर गाउँपालिका अध्यक्ष चौधरीले प्रमुख अतिथि पूर्व सिंचाई मन्त्री उमेश कुमार यादवलाई हस्तान्तरण गरेपछि उनीद्वारा नै ब्यानर बाचन गरेर बालविवाह मुक्त वडा घोषणा गरिएको थियो । सो अवसरमा उनले घोषणालाई कायम राख्न सबै पक्षको सहयोग उत्तिकै अपरिहार्य रहेको बताए ।

बालविवाहले निम्त्याउने स्वास्थ्य, परिवारिक, सामाजिक तथा आर्थिक समस्याका बारेमा सचेतना फैलाएर गरिएको घोषणाले समाजमा सकारात्मक प्रभाव पार्ने र भविष्यमा सानै उमेरमा विवाह गर्ने प्रवृत्ति हराएर जाने उनले विश्वास समेत ब्यक्त गरे ।

बालिविवाह मुक्त पालिका बनाउने अभियानमा सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहकार्यमा विभिन्न सचेतना कार्यक्रमहरु अभियानकै रुपमा अघि बढेको गाउँपालिकाले जनाएको छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवको अध्यक्षतामा आयोजित घोषणा समारोहमा गाउँपालिका उपाध्यक्ष राजु देवी यादव, प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्य, वरखगणका प्रमुख सेनानी रमेश पाण्डे, सेभ द सप्तरीका ध्रुव प्रसाद देव, नरेन्द्र यादव, सेभ द चिल्ड्रेनका दिपक बुढाथोकी लगायतले बालविवाह विरुद्धको अभियानको सफलताको शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

तराई मधेशमा अभियानको समिति विस्तार

टुडे समाचारदाता

बारा । तराई मधेशका जिल्लाहरुमा राष्ट्रिय एकता अभियानले उठाएको चिनियाँ विस्तारवाद र जिहाद अतिवाद विरुद्धको अभियान प्रति सक्रियता

बढ्दै गएको छ । चिनियाँ विस्तारवाद र जिहादी अतिवादको विरुद्ध अभियान चलाउँदै संघीय हिन्दू गणतान्त्रिक देश स्थापनाका लागि कार्य गर्दै आएको "राष्ट्रिय एकता अभियान" ले बाराका युवा अभियंता बिनय राज शर्माको अध्यक्षतामा "राष्ट्रिय एकता अभियान, बारा " को जिल्ला तदर्थ समिती गठन गरेको छ । बाराका क्रन्तिकारी नेता राजेश रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा अभियानका संरक्षक मण्डलका सदस्य सेवक सौरभनाथ बाबा , केंद्रीय अध्यक्ष विनय यादव र राष्ट्रिय विद्यार्थी परिषद्का संयोजक विवेक कुशवाहा, सामाजिक अभियंता राधा चौधरी, लगायतका अभियन्ताहरुको विशेष उपस्थितिमा भएको भेलाले १५ सदस्यीय जिल्ला तदर्थ समितिको सदस्यमा नरेंद्र भगत माली, ,ब्रिजकिशोर पाण्डेय, संजीव कुमार यादव, उर्मिला महतो, दीपक मण्डल, नरेंद्र गिरी, शम्भू साह, हरिओम साह, मनीष चौधरी, रामदिनेश यादव, राजेश कुमार कुशवाहा, विशाल पासवान लागयत रहेका छन् ।

कार्यक्रममा सहभागी भएकाहरु मध्ये अभिव्यक्ति दिएका वक्ताहरुले वर्तमानमा शासन सत्तामा रहेकाहरुको कर्तुतको कारण नेपाल आमाका सपुतहरुको संघर्ष र बलिदानले ल्याइएको संघीयता र गणतन्त्र बदनाम भइरहेकोले परिवर्तनकारी शक्तिहरू बेलामै सचेत भई अधिकांश नेपालीहरुको चाहना अनुसार नेपाललाई "संघीय हिन्दू गणतन्त्र नेपाल" घोषणामा विलम्ब गर्न नहुने बताएका थिए ।

संघीयता र गणतन्त्र प्रणालीलाई सुदृढ बनाउँदै राष्ट्रलाई बलियो बनाउन आम नागरिकलाई "राष्ट्रिय एकता अभियान" मा गोलवन्द हुन समेत राष्ट्रिय एकता अभियानको अध्यक्ष विनयकुमार यादवले आग्रह गरे ।

मिथिलामा विवाहपञ्चमी उत्सवको रौनक

जलेश्वर । मिथिलामा एक सातासम्म भगवान् राम र माता सीताको विवाहका विभिन्न विधि सम्पन्न गरी प्रत्येक वर्ष मनाइने विवाहपञ्चमी उत्सवको रौनक देखिएको छ ।

महोत्तरीको मटिहानीबाट राजा जनकको राजधानी धनुषाको जनकपुरधामसम्म प्रत्येक वर्ष एक सातासम्म विभिन्न कार्यक्रम गरी मनाइने विवाह पञ्चमी उत्सवको रौनक यसपालि नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ । त्रेता युगमा अयोध्याका राजा दशरथका छोरा भगवान् राम र जनकपुरका राजा जनकर्का छोरी सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ । सो अवसरमा प्रत्येक वर्ष हजारौँ साधु, सन्त, महात्मा, अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात मठमन्दिरका महन्त, जोगी सन्यासी सो विवाह महोत्सवमा उपस्थित हुने चलन छ ।

सयौँ रथ, बाजागाजा, नाच तमासा, घोडा, हात्तीसहित जन्ती आउने चलन रहेको र अयोध्याबाट एक सातादेखि हजारौँ जन्ती तथा लाखौँ सर्वसाधारण जनकपुर आउने चलन छ । प्रत्येक वर्ष महोत्तरीको मटिहानी हुँदै जन्ती, लावालस्करसहित एक साता पहिलेदेखि नै जनकपुर जाने गर्दछन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि विशेष पूजाअर्जना गर्ने चलन छ । रामजानकी विवाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ । आगामी आइतबार जनकपुरमा हुने विवाह पञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेकँ छन् ।

अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ । जन्ती मटिहानीमा एक रात विश्राम गरेर विवाहपूर्व गरिने मटकोर विधि पनि सोही स्थानमा सम्पन्न गर्ने चलन रहेको लक्ष्मीनारायण मठका महन्थ रवीन्द्रदास वैष्णवले बताउनुभयो । महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाह पञ्चमी उत्सव भएपछि मात्रै सर्वसाधारणले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्दछन् । विवाह पञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौँ भक्तजन उत्सवमा सहभागिता जनाउने गर्दछन् । विवाह पञ्चमी उत्सवअन्तर्गत यसपालि यही मङ्सिर २६ गते जनकपुरधाम दर्शन, २७ गते फूलबारी लीला, २८ गते धनुष यज्ञ, २९ गते तिलकोत्सव, ३० गते मटकोर विधि तथा आगामी पुस १ गते स्वयम्वर तथा विवाह पञ्चमी (शुभविवाह) र पुस २ गते राम कलेवाको कार्यक्रम तय गरिएको छ । रासस

तपाईको आज

पण्डित : ब्रम जी

मेष	: पारिवाहिक सुख ।
बृष	: धन वृद्धि सञ्चय ।
मिथून	: अवसर प्राप्त ।
कर्कट	: वाद विवादबाट बच्नु ।
सिंह	: प्रतिभा सम्पन्नता ।
कन्या	: शिक्षामा उन्नति ।
तुला	: भ्रमण अवसर हुने ।
वृश्चिक	: प्रेम प्रसंग, मित्र सुख ।
धनु	: नयाँ कार्य हुने ।
मकर	: पुरस्कार प्राप्त लाभ ।
कुम्भ	: सुख समृद्धि हुने ।
मीन	: बौद्धिक क्षमता ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

चिसोसँगै अस्पतालमा बिरामीको चाप बढ्दो

वीरगञ्ज । पर्सामा चिसो बढ्दैसँगै रुघाखोकी, ज्वरो र श्वासर्प्रश्वासका बिरामी बढ्दै गएका छन् । केही दिनयता बढेको चिसो र शीतलहरका कारण सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी ह्वात्तै बढेका हुन् ।

वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ । दुधेबालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास र निमोनियाको समस्याबाट पीडित भएका छन् ।

पछिल्लो केही दिनयतादेखि बढेको चिसोका कारण अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिनुभयो । रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी दैनिक ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको उहाँले बताउनुभयो । अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शय्याको अभाव भएको र भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको डा सिंहले बताउनुभयो ।रासस

सहपाठी घाइते भएपछि विद्यार्थी आन्दोलित

टुडे समाचारदाता

राजविराज । मनपरी लिएको शुल्क वापतको रसिद माग्दा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिलेर सहपाठीलाई निर्घात कुटपिट गरी घाइते बनाएको भन्दै विद्यार्थीहरु आन्दोलनमा उत्रेका छन ।

सप्तरीको राजविराज नगरपालिका वडा १६ बोरिया स्थित नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालयका छात्र-छात्राहरु यसरी संघर्षमा उत्रेका छन । विद्यालयका प्रध्यानाध्याक रमानन्द सुनरैत तथा ब्यवस्थापन समितिका अध्यक्ष रितेश यादवको कुटाइबाट कक्षा १० मा अध्ययनरत विकास मण्डल र रोशन साह घाइते भएको भन्दै विद्यार्थीहरु आन्दोलनमा उत्रेका छन । मंगलवार भएको घटनामा घाइते भएका दुबै जनाको अहिले स्थानीय गजेन्द्र नारयाण सिँह अस्पतालमा उचचार भइरहेको छ । मण्डल र साहलाई प्रअ सुनरैत र व्यवस्थापन समितिका अध्यक्ष यादवले विद्यालयको एउटा कोठामा थुनेर रड र लठ्ठीले पैताला देखि अनुहार सम्म कुटेको उनका सहपाठीहरुले बताएका छन् ।

अध्यक्ष र प्रअलाई निलम्बन गरी कडा कारवाही हुनुपर्ने माग गर्दै विद्यार्थीहरुले बुधवार नगरमा प्रर्दशन गर्नुका साथै जिल्ला प्रहरी कार्यालय र राजविराज नगरपालिका कार्यालय अगाडि १ घण्टा धर्ना दिइ नाराबाजी समेत गरेका छन् ।

पाँच हजार मिटरब्याज पीडितका समस्या समाधान

टुडे समाचारदाता

काठमाण्डु । सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले निवेदन परेका २८ हजारमध्ये पाँच हजारएकसय५५उजुरीमामिलापत्र गरेको छ । आयोगका सदस्य पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक उत्तमराज सुवेदीका अनुसार आयोग गठन भएपछि यसरी मिलापत्र गरी दुई सय १८ बिघा १० कट्टा सात धुर जग्गा (७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको छ ।

अध्ययनका क्रममा पीडित र साहुबीच रू पाँच अर्ब ५७ करोड १९ लाखको लिखत कारोबार भएको पाइएको तर साहुहरूले रू सात अर्ब ६२ करोड ८० लाख असूल हुन बाँकी रहेको भनेर दाबी गरेका पाइएको थियो । त्यसमध्ये कूल रू एक अर्ब ७२ करोड ८६ लाखको कारोबार दुवै पक्षबीचको सहमतिमा मिलापत्र गरी टुङ्ग याइएको आयोगले जनाएको छ ।

अहिलेसम्मको मिलापत्रपछि साहुको लिखत रू पाँच अर्ब ८९ करोड ९३ लाखबाट घटेर रू चार अर्ब १७ करोड ६ लाखमा आइपुगेको समेत आयोगले जानकारी दिएको छ । आयोगले विसं २०८० वैशाख १७ देखि जेठ १४ गतेसम्म पीडितको निवेदन सङ्कलन गरेको थियो । मधेसका आठ जिल्लाबाट २१ हजार पाँच सय ५२ र पश्चिम नवलपरासीबाट एक हजार आठ सय ६२ निवेदन परेका थिए । सबैभन्दा बढी निवेदन बारामा परेको थियो ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले अनुचित लेनदेनको केन्द्र मधेस प्रदेश र पश्चिम नवलपरासी देखिएको बताए । उनका अनुसार हिजो मङ्गलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई आयोगले बुझाएको उक्त प्रतिवेदनमा जिल्लागत विवरण र समाधानको विकल्प प्रस्तुत गरिएको छ । दुईचार निवेदन परेका र अहिलेसम्म सुल्झिसकेका २९ जिल्लासमेत गरी ३९ जिल्लामा अनुचित लेनदेनको समस्या नरहेको अध्यक्ष कार्कीले जानकारी दिए ।

सरकारले द्रुतमार्गबाट गत चैतमा पूर्वन्यायाधीश कार्कीको अध्यक्षतामा गठन गरेको तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगमा उत्तमराज सुवेदी र गणेशप्रसाद अर्याल सदस्य हुनुहुन्छ ।

फर्जी कागज बनाएको आरोपमा तीन अधिकृतसहित ३२ जना पक्राउ

टुडे समाचारदाता

काठमाण्डु।काठमाडौँउपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर काम गरेको आरोपमा दुई अधिकृतसहित ३२ जनालाई पक्राउ गरेको छ ।

ट्राभल एजेन्सी सञ्चालक र सरकारी कर्मचारीसहित गरी ३२ जनालाई पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार गत असोज १९ गतेदेखि हालसम्म नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।

बुधबार पक्राउ पर्नेमा नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत अरविन्द यादव र अध्यागमन विभागमा कार्यरत अधिकृत नरवीर खड्का रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार पक्राउ परेका अधिकृतहरुले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर आर्थिक लाभ लिने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

यसअघि सोही आरोपमा नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत होमनाथ पोखरेललाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए । उनले भने, "त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले सङ्कलन गरेर पठाएका एक हजार ३२ थान भिसासहितका कागजातबाट अनुसन्धान गर्दा गिरोहले पर्यटक भिसाका लागि फर्जी कागजात बनाई विदेश पठाउने गरेको भेटिएको हो ।

"उक्त प्रकरणमा पक्राउ परेकामध्ये कन्सल्टेन्सी सञ्चालक छजना, प्रहरी एकजना, पूर्वप्रहरी एकजना, एयरलाइन्सका दुईजना र अन्य ११ जना रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । कार्यालयका अनुसार नौजनामाथि सङ्गठित अपराधमा र १२ जनामाथि लिखतसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ । यसअघि आठजना भने धरौटीमा छुटिसकेका छन् ।

ट्राभल एजेन्सीका सञ्चालकहरुमा वन्ट्रा ट्रिप अनलाइन ट्राभल्सका सञ्चालक मनुराज चौधरी, एचआर टुर्स एन्ड ट्राभल्सका सञ्चालक रामप्रसाद भण्डारी, होलिडेज एन्ड ट्राभल्सका सञ्चालक सरोज यादव, एसकेजे ट्राभल्सका सञ्चालक दिनेश ज्ञवाली, रिलेभेन्ट ट्राभल्सका सञ्चालक देवराज खनाल र एड् भान्स म्यानेजमेन्ट मल्टी ट्रेनिङ सेन्टरका सञ्चालक गणेश पाण्डे पक्राउ परेका छन् ।

कागजात मिलाएबापत ट्राभल एजेन्सीहरुले प्रतिव्यक्ति रु १५ हजार लिने गरेका र अध्यागमन विभागका कर्मचारीहरुले नयाँको हकमा रु ५५ हजार र पुरानो (एकपटक विदेश पुगेर फर्किएका) हरुको हकमा भने रु ४० हजार लिने गरेको अनुसन्धानका क्रममा खुलेको प्रवक्ता रेग्मीले बताए ।

चितवन राष्ट्रिय निकुञ्जमा कर्मचारी अभाव

टुडे समाचारदाता

चितवन । दुर्लभ वन्यजन्तुको प्रमुख बासस्थानको रुपमा रहेको चितवन राष्ट्रिय निकुञ्जमा कार्यक्षेत्र (फिल्ड)मा खटिने कर्मचारी अभाव हुँदा संरक्षणमा समस्या देखिएको छ । फिल्डमा खटिने जनशक्ति दरबन्दी भन्दा आधा कम छन् । निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार श्रेणीविहीन गेम स्काउट १०६ जनाको दरबन्दी भएकोमा जम्मा ४५ कार्यरत छन् ।

सिनियर गेम स्काउट द्वितीय श्रेणी ३४ जनाको दरबन्दी रहेकोमा १४ जना मात्र छन् । सिनियर गेम स्काउट चतुर्थ श्रेणी तीन जनाको दरबन्दी रहेकोमा सबै पद रिक्त छ । रेञ्जर १९ जनाको दरबन्दी रहेकोमा १६ जना कार्यरत छन् । उनका अनुसार संरक्षण अधिकृत, प्रमुख संरक्षण अधिकृतसँगै लेखा, प्रशासनका कर्मचारी भने दरबन्दी अनुसार छन् ।

हात्ती बोहकको दुई सय २८ जनाको दरबन्दीमा एक सय ३३ जना कार्यरत छन् । ९५ जनाको दरबन्दी रिक्त छ । ती सबै प्रत्यक्ष फिल्डमा खटिने कर्मचारी हुन ।हात्तीसार तर्फ स्वीकृत दरबन्दी एक सय ५५ जना रहेकोमा एक सय ४४ जना मात्र कार्यरत छन् । हात्ती तर्फ ११ जनाको दरबन्दी रिक्त छ । जुन जनशक्ति प्रत्यक्ष रुपमा फिल्डमा

कार्यरत हुन्छ । निकुञ्जको कूल दरबन्दी तीन सय ८३ रहेको छ । यसमध्ये दुई सय ७७ जना कार्यरत रहेका छन् भने १०६ जनाको पद रिक्त रहेको तिवारीले जानकारी दिए । उनले भने "रिक्त रहेका कर्मचारी सबै फिल्डमा खटिने कर्मचारी हुन ।" यो निकुञ्ज नौ सय ५२ दशमलब ६३ वर्ग किलोमिटरमा फैलिएको छ । जसको ६२ ९ दशमलब ३७ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्र छ ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्जमा आदेश दिने कर्मचारी रहेको तर कार्यक्षेत्रमा खटिने कर्मचारीको दरबन्दीको तुलनामा कम भएकाले काममा कठिनाइ आएको बताए । हात्ती, गोही, निकुञ्ज सुरक्षा, मानव वन्यजन्तुद्वन्द्व व्यवस्थापन लगायतका काम प्रत्यक्ष रुपमा फिल्डमा खटिएर गर्नुपर्छ । यस्तै समस्या ग्रस्त वन्यजन्तुको उद्धार तथा व्यवस्थापन, नियमित गस्ती, पेट्रोलिङ्, स्थानीय सरोकारवालासँग समन्वय, मध्यवर्ती क्षेत्रमा जनचेतनामूलक कार्यक्रम, अध्ययन अनुसन्धान, वन्यजन्तुको बासस्थान तथा व्यवस्थापन जस्ता कार्य कर्मचारी अभावका कारण कठिनाइ भएको उनले बताए । घडियाल गोही, पाटेबाघ, डल्फिन, एकसिङ्गे गैंडा, हात्ती जस्ता दुर्लभ वन्यजन्तु भएकाले निकुञ्जका सबै क्षेत्रमा पुगेर संरक्षणमा जुट्नुपर्ने हुन्छ ।

जनशक्ति कम हुँदा काममा समस्या परेको विषयमा माथिल्लो निकाय जानकारी भएको उनले जानकारी दिए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकालले मुख्य रुपमा गेम स्काउटको दरबन्दी अनुसार जनशक्ति नहुँदा समस्या भएको बताए । यो जनशक्ति भर्ना भएपछि छोटो समयमा आन्तरिक प्रतिस्पर्धाबाट बढुवा भएर जाने र थप जनशक्तिका लागि समय लाग्ने हुँदा समस्या आएको जानकारी दिए । गेम स्काउट पदमा रहेकाले खरिदारमा आन्तरिक प्रतिस्पर्धाबाट जानसक्ने भएकाले धेरै त्यस तर्फ जाँदा दरबन्दी रिक्त हुने र लोकसेवा आयोगले पदपूर्ति गर्न समय लाग्ने गरेको छ ।

उनले कार्यक्षेत्रमा खटिने जनशक्तिलाई अभाव हुन नदिन नीतिगत रुपमा सुधारका लागि माथिल्लो तहमा पहल भइरहेको बताए । यो जनशक्ति अस्थायी रुपमा राख्नुपर्ने विषयमा पनि छलफल भइरहेको उनले बताए । अहिले गेम स्काउट पदमा रहने यहाँको आवश्यकता भन्दा दक्ष हुने भएकाले दिगो रुपमा नरहँदा समस्या भएको उनको भनाइ छ ।

आर्थिक सूचक सकारात्मक हुँदै गएका छन् : अर्थमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारको निरन्तर प्रयासपछि पछिल्लो समय अर्थतन्त्रले लय समातेको र चाँडै निर्णायक मोडमा पुग्ने जानकारी दिएका छन् ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा उनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबाट लिएका सुधारका कार्यक्रमले नतिजा देखाउन थालेको बताए ।

"मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा अर्थतन्त्रका धेरै सूचक सकारात्मक थिएनन् । कोभिडका बेला सहज मौद्रिक नीति अपनाउँदा त्यसले देखिएका असर व्यवस्थापनका कसिलो नीति लिनुपर्दा केही समस्या सिर्जना भएका थिए", अर्थमन्त्री महतले भने, "समग्रमा आर्थिक सूचक सकारात्मक हुँदै गएका छन् । शेयर बजारमा सकारात्मक लय समातेको छ र जग्गा कारोबार पनि बढ्ने क्रममा छ । तर उत्पादन वृद्धि रोजगार वृद्धिका लागि केही समय लाग्छ । अर्थतन्त्रले निर्णायक रुप लिन्छ । यसका आधार बन्दै गएका छन् ।"

मौद्रिक नीतिबारे अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैङ्कसँग निरन्तर छलफलपछि अहिले केही निर्णय आएको र यसले बैङ्क वित्तीय संस्थामा ब्याजदर घटाउन मद्दत पुऱ्याएको अर्थमन्त्री डा महतको भनाइ छ । "राष्ट्र बैङ्कले नीतिगत दर घटाएपछि बैंकको

ब्याजदर पनि घट्दो क्रममा छ । ऋणीका समस्यालाई पनि सम्बोधन गर्न खोजिएको छ । पुँजीबजार र घरजग्गा कारोबारमा सुधारका सङ्केत देखिएका छन्", उनले भने ।

त्यस्तै, वित्त नीतिले अवलम्बन गरेका सुधारका कार्यक्रमले पनि बिस्तारै नतिजा देखाउँदै गएको उनको भनाइ छ । "वित्त नीति कार्यान्वयनका लागि विभिन्न कार्यविधि बनेका छन् । केही बन्ने क्रममा छन् । ठेक्का प्रक्रिया छिटोछरितो रुपमा अघि बढिरहेका छन् । यसबाट पनि बजारमा प्रशस्त पुँजी प्रवाह हुने हाम्रो अपेक्षा छ । विदेशी सहायताका क्षेत्रमा पनि हाम्रो नीति र प्राथमिकता बदलिएको छ ।

"यथेष्ट प्रतिफल भएका आयोजना मात्रै सहयोग लिन्छौं भनेका छौं । दातृ निकाय पनि यसमा सकारात्मक छन्", महतले भने । आगामी आर्थिक वर्षको बजेटमार्फत अर्थतन्त्र सुधारका थप कार्यक्रम ल्याउने गरी सरकारले आन्तरिक तयारी गरिरहेको पनि अर्थमन्त्री महतले भने ।"संसारमा यस्तो कुनै अर्थतन्त्र छैन, जहाँ समस्या नदेखिएको होस् । हामीकहाँ वर्षैंदेखि थपिँदै र बढ्दै आएका समस्याको पहाड थियो । त्यसलाई एकैपटक हल गर्छुभन्नू सम्भव थिएन ।

तर समस्या बिस्तारै हट्दैछन् । अहिलेका उपलब्धिबाट हामी सन्तुष्ट छौं भन्ने होइन, तर अर्थतन्त्र सकारात्मक दिशातर्फ अघि बढेको छ", उनले भने । चालु खर्चलाई एउटा सीमामा राखेको र पुँजीगत खर्च बढाउनतर्फ लागेको उनको भनाइ छ । चालू आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सरकारको राजस्व सङ्कलन पनि बढेको अर्थमन्त्री महतले भने । यो अवधिसम्ममा सरकारको राजस्व सङ्कलन सात दशमल ५७ प्रतिशतको वृद्धि भएको अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै, भन्सार राजस्व १३ प्रतिशतले, मूल्य अभिवृद्धि कर ९भ्याट० सात दशमलव १९ प्रतिशत र आयकरतर्फ १२ प्रतिशतले बढेको उनले बताए ।

सरकारले सुरु गरेका आर्थिक र बजेट प्रणाली सुधारका कार्यक्रमलाई अझ विस्तार गरी सरकार र निजी क्षेत्रबीच उच्चस्तरको समन्वय कायम गर्ने गरी सरकारले काम गरिरहेको उनको भनाइ छ ।

अर्थतन्त्रमा देखिएको सकारात्मक अवस्थालाई उपभोग र लगानीमा प्रतिबिम्बित गराउने, सरकारको खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीमा विद्यमान अवरोधहरु फुकाउने, जाजरकोटमा आएको भूकम्पप्रभावितलाई तत्काल राहत र अस्थायी आवासको व्यवस्था गरी ध्वस्त संरचनाको छिटो पुनर्संरचना गर्ने र युवालाई स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्दै अपेक्षित आर्थिक वृद्धिदर हासिल गर्ने गरी सरकारले काम गरिरहेको उनको भनाइ छ ।

सरकारले आगामी वैशाख ९ र १० गते लगानी सम्मेलन आयोजना गर्ने घोषणा गरेको छ । लगानी सम्मेलनअघि नै लगानीसँग सम्बन्धित कतिपय नीतिगत र कानुनी सुधार अगाडि बढाइने उनको भनाइ छ । लगानी सम्मेलनमा तुलनात्मक लाभका र आयात प्रतिस्थापन गर्न सकिने क्षेत्रमा सम्भावित लगानीकर्ताहरुको उपस्थितिमा सार्थक लगानी सम्मेलन गर्न सरकार लागिपरेको महतले बताए ।

"दीर्घकालमा आर्थिक सुधारसँग जोडिएका नीति र कानुनको तर्जुमा र कार्यान्वयन गर्दै लगानीको अनुकूल वातावरण सिर्जना गरिनेछ । जलविद्युत्को विकास, पर्यटन, कृषिको व्यावसायिकीकरण, सूचना प्रविधि क्षेत्रको प्रचुर सम्भावनालाई ध्यानमा राखी स्वदेशी र विदेशी लगानी आकर्षित गर्ने नीति सरकारले लिनेछ", उनले भने ।

एनसेल खरिद-बिक्री प्रकरणमा नेपालको कानुनभन्दा बाहिर गएर कुनै पनि गतिविधि हुन नदिने अर्थमन्त्री डा महतले बताए । "कानुन मान्छु भनेर आएको कम्पनीले अहिले कानुन मान्दिनँ भन्न पाउँदैन । नियामकले यस विषयलाई गम्भीर रुपमा हेर्छ । कानुनअनुसार उठाउनुपर्ने कर एनसेलबाट उठाउँछौं", उनले भने ।

भूकम्पप्रभावित क्षेत्रमा साढे तीन हजार अस्थायी आवास निर्माण

टुडे समाचारदाता

काठमाण्डु । रुकुम पश्चिममा अस्थायी आवास निर्माणमा विभिन्न राजनीति दल सक्रिय छन् । हालसम्म तीन हजार पाँच सय अस्थायी आवासी निर्माण भएका छन् । स्वयंसेवक परिचालन गरेर अस्थायी आवास निर्माण गरिएको हो ।

भूकम्पप्रभावित क्षेत्रमा नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय स्वतन्त्र पार्टीको सक्रियतामा निर्मित आवासमा भूकम्पप्रभावितलाई स्थानान्तरण गरिएको छ ।

प्रतिनिधिसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माका अनुसार भूकम्पबाट बढी प्रभावित आठबीसकोट नगरपालिकामा एक हजार तीन सय पाँच, सानीभेरी गाउँपालिकामा आठ सय ५४, चौरजहारी नगरपालिकामा छ सय सात, त्रिवेणी गाउँपालिकामा तीन सात, मुसिकोट नगरपालिकामा २४ र बाँफीकोट गाउँपालिकामा ७१ अस्थायी आवास निर्माण गरिएको हो । पहिलो चरणमा एकल महिला, गर्भवती, वृद्धावृद्धा र आफैं अस्थायी आवास बनाउन नसक्नेलाई लक्षित गरेर अस्थायी आवास निर्माण गरिएको शर्माले बताए । त्यस्तै, नेपाली कांग्रेस रुकुम पश्चिमले पनि भूकम्पप्रभावित क्षेत्रमा निरन्तर अस्थायी आवास निर्माणमा जुटेको जनाएको छ । हालसम्म नेपाली कांग्रेसले सानीभेरी गाउँपालिकामा २५ र आठबीसकोट नगरपालिकामा ५० गरेर ७५ घरपरिवारलाई अस्थायी आवास हस्तान्तरण गरेको नेपाली कांग्रेस रुकुम पश्चिमका पार्टी प्रवक्ता लालबहादुर ओलीले जानकारी दिए । उनका अनुसार पार्टीले तीन सय स्वयंसेवक परिचालन गरेर अस्थायी आवास निर्माण गरिहेको छ । पार्टीले प्रभावित क्षेत्रमा एक हजार अस्थायी आवास निर्माण गर्ने योजनाअनुसार काम गरिरहेको प्रवक्ता ओलीले जानकारी दिए ।

नेकपा (एमाले)ले रुकुम पश्चिमले तीन सय ४५ अस्थायी आवस निर्माण गरेको जनाएको छ । उनका अनुसार भूकम्पप्रभावित क्षेत्रमा अस्थायी आवास निर्माण गर्न स्वयंमसेवकको लागि लुम्बीनी, गण्डकी र सुदुरपश्चिम प्रदेशबाट दुईसय ५० जना र जिल्लाका ५० जना गरेर तिन सय स्वंयमसेवक अस्थायी आवास निर्माण गर्न परिचालन भएका थिए । पार्टीले हालसम्म आठबीसकोट नगरपालिकामा एक सय ८९, सानीभेरी गाउँपालिकामा ५८, चौरजहारी नगरपालिकामा ८६ र बाँफीकोट गाउँपालिकामा १२ गरेर जिल्लाभर तीन सय ४५ अस्थायी आवास निर्माण गरेको जनाएको छ ।

नेकपा एकीकृत समाजवादी रुकुम पश्चिमले पनि पार्टीका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेश उपाध्यक्ष ठगेन्द्रप्रकाश पुरीको नेतृत्वमा प्रभावित क्षेत्रमा अस्थायी आवास निर्माणको काम जारी राखेको छ । आठबीसकोट नगरपालिका र सानीभेरी गाउँपालिकामा ५० भन्दा बढी अस्थायी आवास निर्माण गरिसकिएको पार्टीका कर्णाली प्रदेश उपाध्यक्ष तथा अस्थायी आवास निर्माणको नेतृत्व गरिरहनु भएका पार्टी उपाध्यक्ष पुरीले जानकारी दिए ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

कमिसनको विवाद

वीरगञ्ज महानगरपालिकामा मेयर र उपमेयरबीचको विवादले उग्ररुप धारण गरेको छ। मेयरका समर्थक र उपमेयरका समर्थकहरुबीच हात हालाहाल भएको छ । मेयर र उपमेयर दुबै दुई दलबाट निर्वाचित भएका हुन् । दुबै जना पुरुष नै हुन् । जनता समाजवादी पार्टीबाट निर्वाचित भएका मेयर राजेशमान सिंह र उपमेयर इम्तियाज आलम समुहबीच भएको झडपमा प्रहरी हस्तक्षेप हुन थोरै पनि ढिला हुँदा रक्तपात नै हुन सक्ने अवस्था सृजना भएको थियो । तत्कालै प्रहरी पुगेकाले हस्तक्षेप गरी दुबै पक्षलाई अलग्याइएकाले ठूलो दुर्घटना हुनबाट जोगिएको थियो । मेयर सिंह जनता समाजवादी पार्टी(जसपा)बाट र उपमेयर आलम नेपाली कांग्रेसबाट निर्वाचित भएका हुन् । चुनावमा दुबै जना एउटै गठबन्धनबाट निर्वाचित भएका हुन् । उनीहरु चुनावमा निर्वाचित भएदेखि मिलेमतोमा नै काम गर्दै आएका थिए । तर पछिल्लो समयमा मेयर सिंहले उपमेयरलाई भागबण्डा नदिएपछि विवाद चुलिएर झडप सम्म पुगेको बताइन्छ । कमिसनको भागबण्डा भनिए पनि त्यसको प्रमाण तत्कालै उपलब्ध हुने संभावना हुँदैन् । तैपनि मेयर र उपमेयरबीचको विवाद विकासका लागि भने पक्कै भएको होइन् । हालै सरुवा भएर आएका प्रशासकीय अधिकृतलाई मेयर सिंहले आफ्नो छेउमा कार्यालय बनाएर राखेका छन् । तर उपमेयर आलमले प्रशासकीय अधिकृतलाई पुरानै कार्यकक्षमा राख्नु पर्ने र सो नगरिए त्यो कोठा आफ्नो सचिवालयको रुपमा प्रयोग गर्ने दावी गरेको बताइन्छ । प्रशासकीय अधिकृतको कार्यकक्ष मेयर र उपमेयरका लागि विवादको विषय भने नरहेको स्थानीयहरु बताउँछन् । उनीहरुले सबै खेल कमिसनका लागि भइरहेको र भागबण्डा नमिल्दा कुटाकुटको अवस्था आएको बताएका छन् । विगतमा मेयर र उपमेयरबीच ६०/४० को भाग लाग्ने सहमति भए पनि त्यो सहमतिलाई मेयर सिंहले लत्याएको कारण विवादले उग्र रुप लिएको छ। यस अघि पनि जसपाबाट मेयर विजय सरावगी रहेका थिए। उपमेयर कांग्रेसकी महिला नेतृ थिईन् । विवाद बिगतको कार्यकालमा पनि भएकै हो । तर कुटाकुटको स्थिति सृजना भएन् । उपमेयर अत्यन्त परिपक्व नेतृ रहेकाले उच्छृंगखल कृयाकलाप भएन् । हालका मेयर सिंह र उपमेयर आलम दुबैको पहिचान परिपक्व नेताको रुपमा भइसकेको छैन् । दुबै जना मध्ये कसैले कसैलाई पछाडि धकेल्ने अवस्था छैन् । मेयरले एमालेलाई पनि विश्वासमा लिएका छन् । तर उपमेयरलाई उपेक्षा गरेर जान सक्ने अवस्था छैन् । विकासको विषयमा दुबै एकजुट भएर अगाडि बढनु पर्छ।

रामायण सन्दर्भ

डा. रेवतीरमण लाल

मैथिलीमा राम र सीता सँग सम्बन्धित अनेक काव्य को रचना भएको छन् । यसमा चंदा झा द्वारा प्रणीत "मिथिला भाषा रामायण" मैथिली रामायणको नामले प्रसिद्ध छ । मैथिली रामायण भनेर केही अरु काव्य पनि सृजन भएका छन तर केही प्रकाशित छन र केही अप्रकाशित छन । अप्रकाशित रामायणहरु मा एउटा रामायण पं. लक्ष्मण शास्त्री द्वारा रचित मैथिलीमा जानकी रामायण पनि हो । चन्दा झा को रामायण मूलतः अध्यात्म रामायणमा आधारित रामायण हो ।

अध्यात्म रामायण रामानंदीय वैष्णव संप्रदाय द्वारा अत्यन्त समादृत रामायण हो । मिथिला रामायणको आधार अध्यात्म भएकोले यसको नायक श्री राम भगवान एवं नायिका सीता भगवतीको रुपमा चित्रित भएको छ। रामायणको आदि श्रोत वाल्मीकि रामायण मा राम लाई ठाउँ-ठाउँमा एउटा विशिष्ट गुण सम्पन्न असाधारण पुरुषको रुपमा चित्रित अवश्य गरिएको पाइन्छ । जहाँ रामको सम्बन्ध छ उनी आफू लाई भगवान को रुपमा कुनै काम गर्नु भएको देखिदैन ।

राम आफूलाई मात्र दशरथ का पुत्र माननु हुन्छ ।
उनी आफूलाई मात्र मनुष्य माननु भएको देखिन्छ ।
सीता को अग्नि प्रवेश कालमा वाल्मीकिको राम भन्नुहुन्छ
"आत्मा मनुष्ये
रामं दशरथात्मजम"

तर चंदा झा मात्र होइन बंगला रामायण का प्रणेता कृति वास, तमिलका कंबन, हिन्दीका संत तुलसीदास, नेपालीका भानुभक्त रामलाई अलौकिक पुरुष, इश्वरका गुणहरुले संपन्न मान्छन । इनीहरु रामका भक्त बनेर राम काव्य को रचना गर्नुभएको देखिन्छ ।

रामायण एउटा धार्मिक ग्रंथ भएपनि यसमा अनेक मानव सुलभ व्यवहार देखिन्छ। राम एहि लोक का आदर्श पुरुष पुरुषोतम मानिनु हुन्छ । त्यही सीता अनेक आदर्श एवं गरिमामय गुणहरुले मंडित नारी मानिएकी छिन ।

रामलाई रानी कैकेयिको कारणले वन जानु पर्छ तर मर्यादा पुरुषोत्तम राम यसमा कैकेयी को दोष माननु भएको छैन । यसलाई श्रीराम विधिको विधान माननु भएको छ । यसको पालना आफ्नो कर्तव्य ठान्नु भएको छ । वन गमनको प्रसँगमा सुमित्रा एवं उर्मिलाको चरित्र एउटा विशेष गरिमामय चरित्रको रुपमा आउँछ । कौशल्या रामको वनगमन कालमा अत्यन्त शोकाकुल हुन्छिन तर सुमित्राको मन अलिकति पनि विचलित भएको देखिदैन । उनी आफ्नो पुत्रलाई रामको सेवामा अर्पण गरी आफूलाई धन्य मानेकी थिइन । चौध वर्षको लागि रामको साथमा आफ्नो पतिलाई पठाउदा उर्मिला आफ्ना आँखाहरु रसाएको पनि पाएकी थिइन । यो त्यागको पराकाष्ठा नै हो ।

राम राजपुत्र हुनु हुन्छ - क्षत्रिय हुनुहुन्छ तर उनको मित्रता हुन्छ निषाद राज सँग । वन गमन कालमा राम को मित्रता हुन्छ निषाद राज सँग । वन गमन कालमा राम को मित्रता हुन्छ निषाद राज सँग यो अदभुत दृश्य प्रस्तुत गर्दछ । राम निषाद राजको घरमा एक रात वास वस्नु भएको थियो र निषाद राजले सपरिवार रामको स्वागत सत्कारमा लागेको हुन्छ । अद्भुत प्रेमको र भक्तिको यो मिलनको संगम भएको छ । रामायण को मानवीय चरित्रहरु अपूर्व मानवीय गुणहरु वाट मंडित छन ।

वनमा राम भरत मिलाप त रामायण को सर्वोत्तम घटना मानिएको छ । आधुनिक मानव मनमा यो घटनाको बडो गंभीर प्रभाव पारेको हुन्छ ।

संसारमा अनेकौ अनाचार दुराचार भै रहेको हुन्छन, पाप, अधर्मको काम भैरहेको पाइन्छ। तर केही मानिसहरु अहिले पनि छन जसवाट सत्य र धर्मको रक्षा भैरहेको हुन्छ । लोभ, छल, कपट भरिएको यस संसारमा परस्पर विश्वास, धैर्य, सहिष्णुता, र मायाको श्रोत वगाउने केही मानिसहरु पनि हुन्छन । यस्तै मानिसहरु मानव मन प्रेरणा ग्रहण गर्दछ। भरत आफ्ना प्रिय दाजु रामको वनगमन वारे सुन्ने वित्तिकै राम सँग भेट्न वन तिर जानुहुन्छ राज्यको कुनै लोभ थिएन । रामको दर्शन भए पछि दुवै आँखा वाट अविरल आँसु बग्न थाल्छ। राम भरत को स्नेह र त्यागको पराकाष्ठा हो । मिथिला रामायणमा छ-

"स्नेह सजल श्रीराम
शुनु शुनु भरत कहल गुणधाम
त्वरित उठाए लगाओल अंक"

भरत द्वारा रामलाई अयोध्या फर्काउने हठ र रामले त्यो न मान्ने हठ मा महाराज जनक को निर्णय सर्वमान्य हुन्छ र भरत आफ्नो दाजु रामको खडाँउ लिएर चौध वर्ष सम्म सन्यासीको रुपमा अयोध्याको राज्य संचालन गर्नुहुन्छ । दुवै दाजू भाइ हठमा राजा जनकको भूमिका र निर्णय सर्वमान्य भएको कुरा आजको समाज को लागि एउटा उदाहरण हो । आजकल बुढा-पाकाको कुरा कसैले सुन्न चाहदैन-भनिन्छ "बुढ भेल दुरि गेल", भन्छन बुढो मान्छेको कुरो असंदार्भिक हुन्छ । तर रामायणले सिकाउछ बुढा पाका को विचार परिपक्व हुन्छ । त्यसैले राम भरतको सम्बन्ध एउटा उदाहरण बनेको छ आज को संदर्भ मा आज भाइ भाइ मा काटाकाट हुन्छ सानो-तिनो कुरामा दाजू भाइमा कुरो मिल्दैन । तर भरतले रामको खडाउँ को साक्षी राखेर आफू सन्यासी को रुपमा चौध वर्ष विताएका थिए ।

श्रीरामका कार्यहरु मा उद्देश्य थियो दीन-हीनको उद्धार । श्रीराम ले वनमा शवर पत्नी दीनहीना शवरी आश्रम पुग्नु हुन्छ । रामको वाटो पर्खंदै शवरी रामलाई देखेपछि धन्य धन्य हुन्छिन । कवि चन्द्र भन्नु हुन्छ- "शवरी भक्ति विवश श्रीराम
हर्षित भेला तनिकर धाम"

सीता को हरण पछि त राम पागल जस्तो भै हाल्नु हुन्छ आमा, बाबु, भाइ, पुरजन, बन्धु बांधव सबै लाई त्याग गरी बनगमन गर्दा जुन राम अडिग रहनु भयो त्यै राम सीताहरण पछि त उनी आफूलाई स्थिर राख्न सक्नु भएन । रुख विरुवा सँग सीताको वारेमा सोध्न थाल्नु भएको थियो । अंतमा बानर, भालु सँग मित्रता गर्नु परेको थियो । सुग्रीव सँग मित्रता गर्नु भएको थियो । त्यसै बानर, भालुहरुको सेनाको मदतले राक्षस राज रावण माथि विजय पाउनु भयो । यस प्रकारले मानवीय चेतनाको प्रवलता रामायणमा ठाउँ-ठाउँमा पाइन्छ। बानर भालु जस्तो सानो जँगली जनावर तथा राक्षस राज रावणको भाई विभीषण को मदतले लंका माथि विजय पाउनु भयो ।

विभीषण जब रामको शरणमा आउछ त रामको मंडलीमा विभीन्न प्रकारको शंका-उपशंका गरिन्छ तर पुरुषोत्तम राम को क्षमाशीलता पराकाष्ठा मा पुग्छ जब उनी भन्नुहुन्छ- "यस बखत रावण पनि क्षमा माँगेर शरणागत भयो भने उसलाई पनि क्षमा गरिदिन सक्छु। उसलाई तिरस्कार र अपमान गर्दिन ।" यतीमात्र होइन वैदेही पनि लंका विजयोपरान्त वाँकी बचेका सबै राक्षसहरुलाई क्षमा गर्न आदेश दिएकी थिइन ।

रावण पुत्र मेघनाथ इन्द्रजीत र भाइ कुम्भकर्ण को वध पछि त रावण निराश भइ हाल्छ । पुत्रको मृत्यु मा राक्षस राज पाषाण हृदय रावणको पनि आँखा रसाउछ । रावण हार स्वीकार गरी हाल्छ । मिथिला रामायाणमा यस्तो छ-

"रावण मनमन मानल हारि"

रामायण मा उच्च पात्रको साथै नीम्नस्तरका पात्रको गुण अवगुणहरु साथै उनीहरुको धैर्य, बुद्धि, विवेकहरुको पनि राम्रो परिचय प्राप्त गर्न सकिन्छ । अंग्रेजी साहित्यमा मिल्टन को "पैराडाइज लौस्ट" होस वा सेक्सपियर का नाटकहरु ती रचनाहरुमा पनि नीच पात्रहरुको सम्यक परिचय दीइएको छ । रामायणमा त्याग, धैर्य, एवं प्रेम यी तीन वस्तुहरुको सम्यक रुप पाइन्छ । सीताको त्याग अनुपम छ भने उनको धैर्यको सीमा छैन । जननीले केही पाउने होइन केही दिने पावन संदेश हो सीता को चरित्र । पतिको सुख दुखमा अनुगामिनी रहेकी, पुत्रको लागि अनेक दुख सहेकी, त्याग र वलिदानको ज्वालामा आफूलाई समार्पण गर्ने सीता को चरित्र छ भने उल्टै उनको चरित्र माथि भुठो दाग देखाउने जस्ता असीम पीडा पनि सहन परेको देखिन्छ। यसै कारणले होला सीता ले आफूलाई जन्म दिने धरती माताको काखमा समाएको देखिन्छ । यस प्रसंग सीतायणका कवि भन्नु हुन्छ-

"नीज चरित्र लताके जीवन भरि सहि सतत कष्ट
करुणाक नोर सँ रहली जे सींचित करैत"

तर आजको तथा कथित आधुनिक युगमा सीताको चरित्र लाई समाज विरोधी र आजको महिलाहरु को लागि, आधुनिक समाज को लागि विरोध र आजको तथा कथित सभ्य समाज को लागि अपाच्य एवं अस्विकार भै रहेको देखिन्छ ।



सरकारलाई उपेन्द्र यादवको ५३ बुँदे सुझाव

उपेन्द्र यादव
अध्यक्ष
जनता समाजवादी पार्टी

सरकारले आफ्नो कार्यशैलीमा सुधार गरी जनतालाई परिवर्तनको प्रत्याभूति दिलाउन, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, संचार लगायतका क्षेत्रमा व्यापक सुधार गरी विकास निर्माणका कार्यलाई गति दिन र मुलुकमा सुशासन कायम गर्दै संविधान संशोधनसहित संघीयताको प्रभावकारी कार्यान्वयन लगायतकासम्बन्धमा सत्ता गठबन्धनको बैठकमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष मा. उपेन्द्र यादवले सुझावसहित ५३ बूँदेनिम्न प्रस्तावहरु पेशगर्नु भएको छ । प्रधानमन्त्रीसहितको चार दलिय सत्ता गठबन्धनको बैठकले सरकारका तर्फबाट गर्नुपर्ने सुधारका कार्यसम्बन्धी सुझावहरु तयार गर्न जसपा नेपालका अध्यक्ष मा. उपेन्द्र यादवलाई जिम्मेबारी दिएको थियो ।

संघीयता कार्यान्वयन सम्बन्धमा

१. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी समायोजन गर्ने ।
२. संघिय निजामति ऐन अध्यादेशद्वारा जारी गरी कर्मचारी समायोजनसम्बन्धी कार्य सम्पन्न गर्ने ।
३. प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने ।
४. संविधानको अनुसूची ६ र ७ को अधिकार सूची अनुसार प्रदेशलाई क्षेत्राधिकार प्रदान गर्न अध्यादेश जारी गर्ने ।
५. संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश सरकारका विषयहरु प्रदेश सरकारलाई दिने र अनावश्यक खर्च कटौती गर्ने ।
६. स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहनेगरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्ने ।
७. संविधानबमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकायहरु तुरुन्त हस्तान्तरण गर्ने ।
८. संविधानमा उल्लेख गरिएअनुसार क्षेत्रहरुको घोषणा गर्ने ।

संविधान संशोधन सम्बन्धी

९. संविधान संशोधन गरी परिमार्जन गर्नको लागि संविधान विज्ञहरु सम्मिलित आयोग गठन गरी रायसुझाव लिने र सो अनुसार संविधान संशोधन गर्न आवश्यक प्रयास गर्ने ।

सामाजिक न्यायको हकसम्बन्धी

१०. समावेशी लोकतन्त्र र सामाजिक न्यायको हक सुनिश्चितताको लागि संविधानको धारा ४२ को भावनाअनुकूल कानून निर्माण र कानून संशोधन गरी सामाजिक न्यायको प्रत्याभूति गराउने ।
११. पिछडावर्ग (इद्यक्र) लाई सूचीकृत गरी समावेशी र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानून निर्माण गर्ने ।
१२. सुकम्वासी तथा भूमिहीन एवं असहाय नेपालीहरुलाई भूमि उपलब्ध गराउन भूमि आयोगलाई क्रियाशील र प्रभावकारी बनाई यसै वर्षभित्र भूमिहिन तथा सुकुम्वासीहरुको समस्या हल गर्ने ।
१३. सामाजिक सुरक्षा भत्ता प्रत्येक जेष्ठ तथा अशक्त, अपाङ् ता भएका व्यक्तिहरुलाई प्रत्येक महिनाको अन्तिम दिनसम्म सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने ।

निर्वाचन क्षेत्र निर्धारणसम्बन्धमा

१४. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्यांकअनुसार आन्तरिक बसाई-सराईलगायत विभिन्न कारणले गर्दा तराई मधेशमा जनसंख्यामा ठूलो वृद्धि भएको र अन्य क्षेत्रमा कम भएको देखिएको हुँदा जनसंख्याको आधारमा प्रतिनिधित्व लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निधारण गर्नुपर्ने ।

शिक्षासम्बन्धी

१५. सरकारले सातवटै प्रदेशहरुमा प्रादेशिक शीप तालिम केन्द्र स्थापना र संचालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेहरुलाई आवश्यक शीप तालिम दिने । गरीबीको रेखामुनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउने ।
१६. सरकारले संचालन गरेका विद्यालय, कलेज र विश्वविद्यालयहरुमा पर्याप्तमात्रामा आवश्यक विषयगत शिक्षक, प्राध्यापक एवं कर्मचारीहरुको व्यवस्था गर्ने, सरकारी विद्यालय र कलेजहरुमा अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने ।
१७. सम्पूर्ण पालिकाहरुसम्म इन्टरनेट पहुँचको व्यवस्था गर्ने र अध्ययनरत विद्यार्थीहरुका लागि छूट सहुलियत दरमा इन्टरनेट सेवा उपलब्ध गराउने ।
१८. प्रत्येक प्रदेशमा प्रदेशस्तरीय जिल्ला तथा पालिकास्तरसम्मका लागि खेलकूद मैदान, प्रशिक्षण केन्द्र आदिको व्यवस्था गर्ने ।
१९. नेपालमा संचालित मेडिकल कलेजहरुलाई आ-आफ्नो क्षमताअनुसार विद्यार्थी भर्ना लिन सक्ने र अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउने ।
२०. उच्च मा.वि. तहसम्मको शिक्षालाई सरकारले नै व्यवस्थापन र संचालन गरी प्रदेश सरकारको मातहत राख्ने । प्रत्येक प्रदेशमा संघीय सरकारको संचालन र व्यवस्थापनमा रहनेगरी केन्द्रीय, आवासीय विद्यालयहरु स्थापना गर्ने ।
२१. विद्यालय शिक्षकहरु खुल्ला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने र भर्ना भएका शिक्षकहरुलाई आवश्यक तालिम दिएर विद्यालय पठाउने । शिक्षकहरुको तलब सेवा, सुविधा निजामति कर्मचारीसरह हुनेगरी व्यवस्था गर्ने । राज्यले नै मातृभाषामा शिक्षाको व्यवस्था गर्ने ।

स्वास्थ्य सम्बन्धी

२२. स्वास्थ्य सेवाको लागि अति विशिप्ट (कगउभच कउभअष्बष्तिथ) अस्पताल, प्रादेशिक अस्पताल, पालिकास्तरसम्मका अस्पतालहरुलाई आवश्यक पर्ने औषधि, उपकरण, प्रयोगशाला, जनशक्ति र तालिम उपलब्ध गराउने ।
२३. संविधानको धारा ३५ (१) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य निशुल्क उपलब्ध गराउन सबै सरकारी अस्पतालहरुबाट वितरण हुनेगरी निःशुल्क औषधिको पर्याप्तमात्रामा व्यवस्था गर्ने ।
२४. प्रत्येक प्रदेशमा कम्तीमा एउटा अति विशिष्ट अस्पताल र एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्यलाई सम्पन्न गरी कार्य सुचारु गर्ने ।

कृषिसम्बन्धी

२५. कृषि उत्पादन वृद्धि गर्न नदी नियन्त्रण गरी साना सिंचाई आयोजना भूमिगत सिंचाई गर्न नदीमा तटबन्ध निर्माणलगायत आवश्यक कार्यहरु गरी खेतमा सिंचाईको प्रवन्ध गर्ने ।
२६. कृषि उत्पादनको लागि आवश्यक पर्ने मलखादको पर्याप्त भण्डारण गरी आवश्यकताअनुसार किसानहरुलाई उपलब्ध गराउने
२७. अन्न, फलफूल, तरकारी आदिका लागि कृषि बजारको स्थापना र व्यवस्थापन गर्ने, किसानहरुलाई विचौलियाको शोषणबाट मुक्त पार्ने ।
२८. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, औधोगिकरण गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, गरीबी र बेरोजगगारी समस्याको समाधान गर्न कृषि क्षेत्रको ठूलो योगदान हुनसक्छ । तसर्थ, भूमि तथा कृषि नीति र कानून निर्माण गरी कार्यान्वयन गर्ने ।
२९. मल खाद्य उद्योग र निजी सरकारी वा सहकारी यसै वर्ष स्थापना गर्ने ।
३०. ग्रामीण विकास वैंक, साना किसान, विकास आयोजनाहरुलाई प्रभावकारीरुपमा परिचालन गर्ने र उक्त संस्थाहरुको माध्यमबाट साना किसानहरुलाई सस्तो व्याजदरमा ऋण, तालिम र सहुलियत प्रदान गर्ने ।
३१. कृषि र कृषिमा आधारित उद्योगहरु सरकारले ऋण, प्रविधिलगायत अन्य आवश्यक विशेष सहुलियतहरु प्रदान गर्ने ।

उद्योग सम्बन्धी

३२. विगतमा मुनाफामा चलेका तर हाल बन्द रहेका उद्योगहरुलाई पुनर्संचालन गर्न सरकारले ती उद्योगहरुलाई पुनः संचालन गर्न आवश्यक कार्य गर्ने ।
३३. उद्योग व्यवसाय क्षेत्रमा कार्य गर्दा देखा परेका वा लगानीकर्ताले व्यहोर्नुपरेका हड्ताल, तालावन्दी, प्रशासनिक झन्झट र ढिलासुस्तीलाई अन्त्य गर्ने र यससम्बन्धमा सरकारले गर्नुपर्ने प्रशासनीकलगायतका कार्यहरुको लागि कार्यसम्पन्न गरिसक्ने समयसीमा निर्धारण गर्ने ।
३४. उद्योग कलकारखाना संचालन गर्न लागनीकर्तालाई प्रोत्साहन गर्ने, निवेदन दिएको १५ दिनभित्र आवश्यक पर्ने सबै प्रक्रियाहरु पूरा गरी सरकारले अनुमति प्रदान गर्ने र उद्योग कलकारखाना संचालन गर्न आवश्यक पर्ने भूमि, विद्युत, बैंक ऋण आदिको प्रबन्ध ३० दिनभित्र उपलब्ध गराउने ।
३५. कोभिड-१९ को असरबाट प्रभावित भई उद्योग व्यवसाय संचालन गर्न नसकेका उद्योगहरुलाई कम्पनी वा संस्थाहरुलाई करमा लगाएको जरिवाना छूट दिने । कर किस्तावन्दीमा तिर्न सक्ने व्यवस्था गर्ने ।
३६. उद्योग कलकारखाना तथा उत्पादन क्षेत्रमा वैदेशिक लगानीकर्तालाई वैदेशिक लगानी ल्याउन सरल व्यवस्था गर्ने ।
३७. राष्ट्र बैंकको गभर्नरलाई बैंकहरुको व्याजदर सिंगल डिजिटमा झार्न निर्देशन दिने ।

अन्य आवश्यक कार्यहरु

३८. सरकारले सुशासन सुधार र भ्रष्टाचार नियन्त्रणको सन्देश दिनेगरी व्यवहार र आचरण देखाउने गरी अख्तियारलाई क्रियाशील बनाउने
३९. संघ, प्रदेश र स्थानीय तहमा हुने सबै निर्माण कार्यहरु उपभोक्ताबाट नभई टेण्डर प्रक्रियाबाट मात्र गर्ने ।
४०. महंगी नियन्त्रण गर्न आपूर्तिमा सुधार गरी बजार नियन्त्रण, मूल्य नियन्त्रणलगायतका आवश्यक कार्यहरु गर्ने ।
४१. सार्वजनिक सेवा प्रवाहमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् सात दिनभित्र सेवा प्रदन गरी सक्नेगरी व्यवस्था मिलाउने ।
४३. सार्वजनिक सेवा प्रवाहमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् सात दिनभित्र सेवा प्रदा नगरिसक्ने गरी व्यवस्था मिलाउने ।
४४. सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन प्रत्येक पालिकामा व्यवस्था गर्ने ।
४५. हुलाकी सडकलगायत राष्ट्रिय गौरवका आयोजनाहरुलाई तीन वर्षभित्र सम्पन्न गरिसक्ने गरी योजना बनाउने ।
४६. युवा स्वारोजगार कार्यक्रमको योजना, निर्माण र संचालन गर्ने ।
४७. दैनिक उपभोग्यका वस्तुहरुको आपूर्ति सहज र पर्याप्त मात्रामा गर्ने, कालोबजारी, कृत्रिम अभाव अन्त्य गर्ने र सोहीअनुसार विक्री वितरण गराउने ।
४८. तराई मधेश पूर्वाधार विकास कार्यक्रम लागू गरी विकास निर्माणका कार्यलाई तिव्रता दिने
४९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाई संघ र प्रदेशबीच स्रोत, साधनको न्यायोचित वित्तीय संघीयताको मूल्य र मान्यताअनुरुप बाँडफाँडको नीति निर्माण गरी कार्यान्वयन गर्ने ।
५०. भारतीय सीमासँग जोडिएको नाकाबाट उपभोगका वस्तुहरु ल्याउन रु ५०,०००। (अक्षरेपी पचास हजार) सम्मको सामानमा भन्सार छूट दिने ।
५१. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरु दलीय भागवण्डाको आधारमा मात्र नभई योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक सिद्धान्तको आधारमा गर्ने ।
५२. बारा जिल्लाको कबई, सिम्रौनगढ र बाँके जिल्लाको सुईया बधौडा लगायत स्थानमा छोटी भन्सार पुनः संचालन गर्ने ।
५३. तराई/मधेशमा खटिएका प्रहरी प्रशासनलाई जनताप्रति जिम्मेवार र अनुशासित बनाउने, प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गराउने ।

जलवायु परिवर्तनसम्बन्धी खोज-अनुसन्धान गर्न प्रधानमन्त्री दाहालको आग्रह

टुडे समाचारदाता

काठमाण्डुप्रधानमन्त्रीपुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी जलवायु परिवर्तनसम्बन्धी थप खोज-अनुसन्धान गर्न काठमाडौँ विश्वविद्यालयलाई आग्रह गरेका छन् । काभ्रेपलाञ्चोकको धुलिखेलमा बुधबार आयोजित विश्वविद्यालयको २९औँ दीक्षान्त

समारोहलाई सम्बोधन गर्दै उनले स्थानीय समुदायमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न, अनुकूलनका स्थानीय तौरतरिका र राहतका उपाय खोजी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्राज्ञिक अनुसन्धान र प्रकाशन गर्न प्राध्यापक तथा अध्येतालाई अनुरोध गरे ।

विश्वविद्यालयले नेपाल टेक्नोलोजी इनोभेसन सेन्टरको स्थापना गरेर प्रविधिलाई वैज्ञानिक अनुसन्धान तथा मानव जीवनको उत्थानका लागि प्रयोग गर्न गरिरहेको प्रयत्न निकै सराहनीय रहेको प्रधानमन्त्री दाहालको भनाइ छ । "यसबाट 'आर्टिफिसियल इन्टेलिजेन्सदेखि जलवायु परिवर्तन रोकथामका उपाय, नेपालको कृषि सुधारका लागि आवश्यक ज्ञान, दिगो विकासका नयाँ आयामका लागि बाटो खुलेको छ", उनले भने, "नेपालको दिगो विकासमा टेवा पुग्ने किसिमको थप अनुसन्धान गरी यस केन्द्रलाई वैज्ञानिक मात्र नभएर आम मानिसको हितका लागि प्रयोग गर्न अनुरोध गर्दछु ।"

काठमाडौँ विश्वविद्यालयको प्रारम्भ विज्ञान तथा प्रविधिसम्बन्धी विश्वविद्यालयका रूपमा भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पछिल्ला दशकमा विश्वविद्यालयले विस्तार गरेको प्राज्ञिक दायराबाट नेपालको बहुआयामिक विकासमा योगदान मिलेको बताए । विश्वविद्यालयले एक हजार शय्याको आफ्नै शिक्षण अस्पताल निर्माण गरी चिकित्सा शिक्षा र अभ्यासलाई सँगसँगै लैजान खोजेकामा आफू अत्यन्त खुसी भएको बताउँदै उनले विश्वविद्यालयले चुस्ततापूर्ण बहुविशिष्टीकृत शिक्षण अस्पताल खोल्ने विश्वसा व्यक्त गरे ।

"स्थापनाको ३२औँ वर्षपछि आफ्नै शिक्षण अस्पताल स्थापना गर्न विश्वविद्यालयले गरेको प्रयास सराहनीय छ, यो शुभकार्यका लागि म अग्रिम शुभकामना दिन चाहन्छु", प्रधानमन्त्री दाहालले भने, "विश्वविद्यालयको कुलपति र प्रधानमन्त्रीको हैसियतले जति सहयोग गर्न सकिन्छ, त्यो सहयोग गर्न म तत्पर छु ।"विश्वविद्यालयले सञ्चालन गरेका बहुविधागत कार्यक्रमले अबको विश्वविद्यालय शिक्षा कस्तो हुनुपर्छ भन्ने उल्लेखनीय उदाहरण पेस गरेका दृष्टान्त दिँदै उनले आगामी दिनमा थप ऊर्जा र सिर्जनात्मकताका साथ अध्ययन र अध्यापनका कार्यक्रम लागू गर्न आग्रह गरे ।

"नेपालको मौलिक ज्ञान, प्रविधि र सीपलाई विश्व परिवेश र ज्ञानको बजारसँग जोडेर नेपालको शिक्षाको अन्तर्राष्ट्रियकरण गर्ने र नेपाललाई अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र बनाउने जुन दूरदृष्टि छ, त्यो सराहनीय एवम् आवश्यक छ", उनले भने । आफूले बुधबार्रन गरेको ज्ञान र सीपलाई देशको र मानव जातिको हितका लागि अर्पण गर्ने आह्वान गर्दै प्रधानमन्त्री दाहालले थप अध्ययन र अनुभवका लागि विदेशमा रहनुभएका विद्वत्वर्ग एवम् युवालाई पनि आफ्नो माटोको सुगन्ध र मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप नेपालको दिगो विकासका लागि सदुपयोग गर्न आह्वान गरे ।

फरक प्रसङ्गमा प्रधानमनत्री दाहालले विभिन्न बाध्यताका कारण दुई सय भन्दा बढी नेपाली युवा रुसी सेनामा भर्ना भएको खबर चिन्ताजनक रहेको बताए । उनीहरुलाई सकुशल फिर्ता ल्याउन सरकारले हरसम्भव प्रयास गरिरहेको प्रधानमन्त्रीले बताए । "नेपालमा अवसर छैन भन्ने जुन भाष्य निर्माण भएको छ, त्यसको परिणामस्वरूप नेपाली युवा विदेशमा अनेक हन्डर खाइरहेका छन्", उनले भने, "म आश्वस्त पार्न चाहन्छु कि अहिले नेपालमै शिक्षा तथा रोजगारीका अवसर छन् र तिनको उचित व्यवस्थापन गर्न सके व्यक्तिगत जीवनको मात्र नभएर देशहितको काम पनि गर्न सकिन्छ ।"

सन्तुलित विकासका लागि संसदीय समितिमा छलफल

टुडे समाचारदाता

काठमाण्डु । मुलुकको सन्तुलित विकासका लागि सम्बन्धित निकायसँग समन्वय गर्न संसदीय समितिमा छलफल भएको छ । दिगो विकास तथा सुशासन समितिद्वारा बुधबार आयोजित 'सुशासन प्रवरद्धन र सन्तुलित विकासमा सङ्घीय सांसद र सरोकारवालासँग अन्तरक्रिया'मा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सबैले अधिकारका विषय उठाउने तर आफ्नो कर्तव्य बिर्सदा सन्तुलित विकासले गति लिन नसकेको बताए । उनले समृद्ध नेपालको लक्ष्य पूरा गर्न सुशासन प्रवर्द्धन गर्न सबै निकाय जिम्मेवारीपूर्वक अघि बढ्नुपर्नेमा जोड दिए । उनले व्यक्ति, सांसदलगायत सम्बन्धित निकायले आ-आफ्नो जिम्मेवारी बहन गरेमा सुशासन प्रवर्द्धन गर्न सकिने बताए ।

"विधि र प्रक्रियाको पूर्ण पालना गर्दै इमान्दारीका साथ सबै पक्ष एकताबद्ध भएर काम गरौँ जनतामा सुशासनको प्रत्याभूति दिलाउनेतर्फ आफूलाई केन्द्रित गरौँ", अध्यक्ष तिमिल्सिनाले भने । समितिका सभापति प्रकाश पन्थले सुशासनको प्रत्याभूति र सामाजिक न्यायको अनुभूति भएमात्र विसकासले गति लिने विचार व्यक्त गर्दै सबै राजनीतिक दल, जनप्रतिनिधिले आफ्नो कर्तव्य बिर्सन नहुने बताए ।

राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्याललेे भ्रष्टाचाररहित समाजको कल्पना कल्पनामा मात्र सीमित हुन नहुने, सुशासन कायम गर्न हरेक तहका व्यक्ति गम्भीर भएर लाग्नुपर्ने बताए । राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले सासंद, संस्थाबीच एकापसमा आरोपप्रत्यारोप गरेर सुशासन कायम गर्न नसकिने बताउँदै यस सम्बन्धमा गहनपूर्वक छलफल गर्न आवश्यक भएको बताए । प्रत्यायोजित व्यवस्थापन तथा आश्वासन समिति सभापति मायाप्रसाद शर्माले राज्यव्यवस्थामा आएको परिवर्तनअनुसार सबैको सोचमा पनि परिवर्तन अपरिहार्य भएकमा जोड दिए ।

राष्ट्रिय योजना आयोगका सदस्य अनिता शाह ढुङ्गानाले सोह्रौँ पञ्चवर्षीय योजनाको मस्यौदामा सुशासन र सन्तुलित विकास विषयमा कार्यपत्र प्रस्तुत गर्दै १६औँ योजनामा सुशासन, सामाजिक न्याय र समृद्धि मुख्य सोचलाई हासिल गर्न शासकीय सुधार तथा सुशासन प्रवर्द्धनमा जोड दिनुपर्ने बताए । संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डले सुशासन कायम गर्न जनप्रतिनिधिहरुको अग्रसरता आवश्यक भएको विचार व्यक्त गरे ।

राष्ट्रिय सतर्कता केन्द्रका सचिव सुरेश आचार्यले सुशासन प्रवर्द्धनमा केन्द्रको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै सार्वजनिक निकायमा भ्रष्टाचार हुन नदिन प्रारम्भिक चरणबाट नै निगरानी, खबरदारी गरी सुशासन प्रवर्द्धन गर्न केन्द्रको भूमिका महत्वपूर्ण हुने बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निमित्त सचिव गङ्गाप्रसाद पौडेलले आयोगको भूमिकामा स्पष्टता हुन जरुरी रहेको बताउँदै नियमनकारी निकायलाई सक्षम बनाउन आवश्यक भएको बताए ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले सुशासन भौतिक विकाससँग मात्र नभई मानवीय विकाससँग पनि जोडिएकाले पछाडि परेका वर्ग, समुदाय, क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, जीविकोपार्जनलगायत विषय सम्बोधन भएमा मात्र सुशासन प्रवर्द्धन गर्न सकिने बताए ।

आर्थिक सुधारमा अध्यक्ष ओलीको जोड

टुडे समाचारदाता

टक्सार । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो नेतृत्वको सरकारले आर्थिक समृद्धिका लागि उच्च प्राथमिकता दिएको बताएका छन् । एमाले भोजपुर टेम्केमैयुङ गाउँपालिका कमिटीद्वारा बुधबार अन्नपूर्णमा आयोजित सभालाई सम्बोधन गर्दै उनले देशको आर्थिक अवस्थालाई माथि उठाउनुपर्नेमा जोड दिए ।

यही मङ्सिर १४ देखि सुरुआत भएको झुलाघाट-चिवाभञ्ज्याङ मध्यपहाडी पुष्पलाल लोकमार्ग समृद्धिका लागि सङ्कल्प अभियानअन्तर्गत् टोली भोजपुर पुगेको थियो । अध्यक्ष ओली सहितको टोलीलाई भोजपुर र खोटाङको सिमानामा रहेको चखेवा भञ्ज्याङमा स्वागत गरिएको थियो । विभिन्न कार्यक्रममा सहभागी हुँदै सङ्कल्प यात्राको टोली यही मङ्सिर २८ गते धनकुटा प्रस्थान गर्ने छ ।

एमाले अध्यक्ष ओलीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष महासचिव शङ्कर पोखरेल, उपमहासचिव, सचिव, स्थायी कमिटी, पोलिटब्यूरो, केन्द्रीय कमिटी सदस्य, प्रदेश कमिटीलगायतका नेता, प्राविधिक, विज्ञ सम्मिलित टोलीसहित समृद्धिको लागि सङ्कल्प यात्रामा सहभागी हुनुहुन्छ । सङ्कल्प यात्राको टोली आगामी पुस १ गते पाँचथरको चिवाभञ्ज्याङ पुग्ने कार्यक्रम छ ।

तरुण दलले भूकम्पप्रभावितलाई अस्थायी आवास निर्माण गर्ने

टुडे समाचारदाता

काठमाण्डु । नेपाल तरुण दलले आगामी पुस १ गतेदेखि जाजरकोट र रुकुम पश्चिममा अस्थायी आवास निर्माणको अभियान सञ्चालन गर्ने भएको छ । तरुण दलले बुधबार भक्तपुरमा आयोजना गरेको शपथ ग्रहणपछिको पहिलो केन्द्रीय कमिटीको बैठकपछि आयोजना गरेको पत्रकार सम्मेलनमा यस्तो जानकारी गराएको हो । पत्रकार सम्मेलनमा तरुण दलका केन्द्रीय अध्यक्ष विद्वान गुरुङले आगामी पुस १ गतेदेखि जाजरकोट र रुकुम पश्चिमलगायत भूकम्पले क्षति पुऱ्याएका जिल्लामा अस्थायी आवास निर्माण अभियान सुरु गर्ने बताए ।

अध्यक्ष गुरुङले भने, "भूकम्पबाट आफ्नो बास गुमाएका पीडितको बस्ने बासको व्यवस्था गर्न हामी पुस १ गतेदेखि अस्थायी आवास निर्माण अभियान सुरु गर्दैछौँ, जाजरकोट र पश्चिम नेपालका जिल्लामा तरुण दलका दस्ताले ८० देखि एक सय वटासम्म अस्थायी टहरा निर्माण गरेर पीडितलाई हस्तान्तरण गर्नेछ, देशभरका तरुणको सहयोगको साथ ६० जनाको टोली त्यस क्षेत्रमा खटिनेछ ।"

भूकम्प गएपछि तरुण दलले ती क्षेत्रमा न्यानो कपडा र खाद्यान्नका सामग्री वितरण गरिसकेको जानकारी दिँदै अध्यक्ष गुरुङले अब अस्थायी आवास निर्माण गर्ने अभियान सुरु गर्ने भएको बताए । देशभरका वडा, पालिका, नगर, जिल्ला, प्रदेश र केन्द्रका तरुणबाट स्वतस्फूर्तरुपमा सङ्कलन भएको रकमबाट यो अभियान सञ्चालन गरेर अस्थायी आवास निर्माण एवं सामाजिक दायित्वमा देशभरका तरुणको भावना जोड्न लागेको बताउँदै उनले अस्थायी आवास निर्माणका लागि बाह्य सहयोग नलिई तरुण दलको आन्तरिक व्यवस्थापनबाटै अभियान सम्पन्न गर्ने बताए ।

पार्टीले जिम्मा दिए थप अस्थायी आवास बनाएर फर्कने बताउँदै अध्यक्ष गुरुङले भने, "काग्रेस केन्द्रीय कमिटीले त्यस क्षेत्रमा एक हजार वटा अस्थायी टहरा बनाउने भएको छ । पार्टी केन्द्रीय कमिटीसँग हामी जाजरकोटबाटै सम्पर्कमा रहनेछौँ, तरुण दलको अभियान सम्पन्न भएपछि पार्टीले व्यवस्थापनसहित जिम्मेवारी दिए, पार्टीको निर्देशनमा थप अस्थायी आवास बनाउने छौँ ।"

पुस १ गतेदेखिको अभियानका लागि तरुण दलले काठमाडौँबाट २५ जना, कर्णालीबाट २० जनाको डकर्मी टोली र अन्य जिल्लाबाट सहभागि हुने तरुणसहित ६० जना अस्थायी टहरा निर्माणमा खटिने उनले बताए ।

विद्यार्थी सामाजिक र सांस्कृतिक परिवर्तनका अगुवा बन्नुपर्छ

टुडे समाचारदाता

काठमाण्डु । शताब्दी पुरुष वरिष्ठ चिकित्सक डा गौरीशङ्करलाल दासले विश्वविद्यालयका दीक्षित विद्यार्थीहरु सामाजिक र सांस्कृतिक परिवर्तनका अगुवा बन्न सक्नुपर्ने बताएका छन् । काठमाडौँ विश्वविद्यालयको बुधबार सम्पन्न २९औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले गुणस्तरीय शिक्षाका लागि नमूना संस्थाबाट उत्पादित दीक्षित विद्यार्थीहरु नै समाज परिवर्तनका अगुवा हुन् भन्ने उद्देश्यले काम गर्नुपर्ने सुझाव पनि दिए ।

डा दासले समाज परिवर्तनसँगै देखिने विकृति र विसङ्गतिको अन्त्य गर्न तयार हुनुपर्ने तर्क गर्दै समाजबाट भ्रष्टाचार निर्मूल गर्ने काममा कर्मशील भई लाग्ने बर्ग भनेको पनि विद्यार्थी नै हो भने । समाजमा भ्रष्टाचार र कुरीति बढिरहेको अवस्थामा आफ्नो जीवन चलाउने योग्यता हासिल गर्नेमात्र विद्यार्थीको काम नभएको र समय अनुकूल राज्यले जुटाइदिने सुविधामा नै चुस्त व्यवस्थापन र न्यायोचित वितरणको वातावरणमा काम गर्न सक्नुपर्नेमा सुझाव उनले बुधबार दीक्षित भएका विद्यार्थीलाई दिए । दीक्षित भएकामध्ये केही राष्ट्रसेवक हुने अनि केही राज्यको नीतिनिर्माण तहमा पुग्ने सम्भावना रहेको भन्दै उनले आफू जुन क्षेत्रमा लानेर सेवा गर्ने हो त्यस कार्यका लागि जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए । डा दासले स्वास्थ्य लगायतका सेवा र सुविधा मुलुकका सबै सर्वसाधारणका लागि सुलभ बनाइदिने काममा लाग्न पनि आग्रह गरे ।

समारोहमा उनले भने, "आफू सफल बन्ने नाममा, सुखी बन्ने ध्याउन्नमा, अनि शक्तिशाली बन्ने उन्मादमा आफूभन्दा कमजोर मानिसहरूको बाध्यतामा खेल्ने अनि उनका सन्ततिहरूको सफलता र सुखको जरो उखेल्ने काम नगर्नूहोला ।" उनले भौतिक सुख सुविधापरस्त जीवनशैलीको उत्कट चाहन लिएर शिक्षा, स्वास्थ्य, सेवा र सम्बन्धलाई हेरियो भने समाजमा सह-अस्तित्वको जग हल्लिने भन्दै प्रतिकुल परिस्थिति र अभावमा पनि काम गर्न सक्ने मानसिकता बनाउन सकेमात्र देशको सेवा हुने पनि सुझाव दिए ।

डा दासले सन्तानहरू अन्यत्र पलायन भइदिँदा अहिले धेरैजना ज्येष्ठ नागरिकहरू आफैँ संरक्षणको खोजीमा छट् पटाउनुपर्ने स्थितिमा पुगेको तथ्य पनि खोले । जीवनको उत्तरार्द्धमा फेरि आफ्नो खुट्टामा उभिन सङ्घर्ष गर्नुपर्ने परिस्थितिमा आफ्ना मातापितालाई नपुऱ्याउन आग्रह गर्दै उनले गाउँघरका विकास कार्यमा सहभागी हुन र ज्येष्ठ नागरिकहरूको अभिभारा बन्न पनि दीक्षितहरुलाई आग्रह गरे ।

देशमा लामो समय चिकित्सा सेवा गरेका ९९ वर्षीय डा दासले दीक्षित विद्यार्थीहरुलाई अरूको आलोचनालाई स्वागत गर्न सुझाव दिए । कसैले गरेको आलोचनाबाट आत्तिने नभएर त्यसबाट आफूले सक्नेजति शिक्षा लिन र त्यो आलोचनाबाट आफूलाई सच्याउने बानीको विकास गर्नुपर्ने सुझाव दिए । साथै कहिल्यै पनि बिफलताबाट निराश नभई पाठ सिक्नुपर्ने उनको सुझाव थियो । उनले भन्नभयो, "बिफलतालाई सफलतामा परिणत गर्न सक्ने हुनुपर्छ । विद्यार्थी भनेको वनमा उम्रेको जटीबुटी जस्तै उपयोगी र बहुगुणी हुनसक्नुपर्छ ।"

कार्यक्रममा काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले प्रारम्भदेखि नै काठमाडौँ विश्वविद्यालयले वातावरणीय विज्ञान र इन्जिनियरिङ क्षेत्रमा विभिन्न शैक्षिक कार्यक्रमहरूमार्फत जलवायु परिवर्तनलाई सम्बोधन गरी दिगो विकासलाई प्रवर्द्धन गर्ने काम गरेको बताए ।

'कानुन नहुँदा जनचाहनाअनुसार काम गर्न सकिएन'

टुडे समाचारदाता

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अधिकार र कानुन नहुँदा चाहेर पनि काम गर्न नसकिएको बताएका छन् । प्रदेश विकास समस्या समाधान समितिको आठौँ बैठक एवम् आव २०८० /८१ को प्रथम चौमासिक प्रगति समीक्षा कार्यक्रमलाई बुधबार पोखरामा सम्बोधन गर्दै उनले प्रदेशलाई काम गर्न बनाइएका कानुन कार्यन्वयनका लागि सङ्घीय सरकारले बनाउनुपर्ने कानुन निर्माण नहुँदा समस्या भएको हो भने ।

"कानुन निर्माणमा माथिबाट सहजीकरण गरिदिनुपर्ने आवश्यकता छ, सङ्घीय सरकारले बनाउनुपर्ने कानुन नबनाएका कारण प्रदेश र स्थानीय सरकारले काम गर्न अफ्ठ्यारो परेको छ", उनले भने । सङ्घले कानुन नबनाउँदा प्रदेशले गाली खानुपरेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, जग्गा प्राप्ति ऐन, शिक्षा ऐन आउला भन्ने आशा लागेको तर सङ्घीय सरकारबाटै यी विषय कार्यान्वयन नभएको गुनासो गरे ।

गौशाला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

मधेश प्रदेश, नेपाल

बजार आय संकलन ठेक्का बन्दोबस्तका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८०/०८/२८)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन २०८० र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम तपशिलमा उल्लिखित बजार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

सि. नं.	सूचना नं./बोलपत्र नं.	बोलपत्रको नाम	न्यूनतम बोलपत्र रकम	बोलपत्र दर्ता गर्नुपर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति	धरौटी र कम	बोलपत्र दस्तुर (रू.)
१	GAU/NCB/INCOME/1-2080/081	कान्ति बजार गौशाला-१२ को आय संकलन ठेक्का बन्दोबस्त	८०,५००।००	२०८०/०९/१३, दिउसो १२:००भित्र	२०८०/०९/१३, दिउसो ०२:००	कुल कबोल अंकको ५ % हुन आउने रकम	१०००।००
२	GAU/NCB/INCOME/2-2080/081	विशाल बजार गौशाला-०१ को आय संकलन ठेक्का बन्दोबस्त	५१,५००।००	२०८०/०९/१३, दिउसो १२:००भित्र	२०८०/०९/१३, दिउसो ०२:००	कुल कबोल अंकको ५ % हुन आउने रकम	१०००।००

थप जानकारीको लागि गौशाला नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

जनक हजारी विद्यापीठ (क्याम्पस)

जनकपुरधाम-८

गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/२८

यस जनक हजारी विद्यापीठ अन्तर्गत पसल कवल (सटर) कोठा नम्बर २ र ४ देखि १९ सम्मको भाडामा लिन चाहने इच्छुक व्यक्ति/संस्थाले प्रतिकोठा मासिक रु. ४०००।- (चार हजार) मा नघटाई प्रतिकोठा दरले सबै भन्दा बढी सटर भाडा स्वीकार्ने व्यक्ति/संस्थालाई कोठा उपलब्ध गराइनेछ । तपसिल बमोजिमका शर्तहरुमा तोकिएको समयमा आईपुग्ने गरी सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । रित नपुगी आएको बोलपत्र माथि कुनै कार्यवाही हुने छैन ।

तपसिल

शर्तहरुः-

१. फारम दस्तुर रु. ५००।- (फिर्ता नहुने गरी)
२. निवेदन साथै नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतलिपि र आफुले गर्न चाहेको व्यापार खुलाउनु पर्नेछ ।
३. टेण्डर स्वीकृत भई सकार गरेको अङ्कको ३ महिनाको हुने भाडा वापतको रकम रा.बा.कैंक, पिडारी चौक शाखामा रहेको ज.ह.वि.पी.को चल्ती खाता नम्बर १५२०१००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर पेश गर्नुपर्ने छ ।
४. बत्ती, पानीको महशुल र मर्मत वापत लागेको खर्च व्यापारीले नै गर्नुपर्ने छ । विद्युत सोमिटर भाडादार स्वंयले जडान गर्नुपर्नेछ ।
५. मादक पदार्थ, ग्यारेज, रसायनिक पदार्थको गोदाम एवं नेपाल सरकारको कानूनले बन्देज लगाएको वस्तुहरुको व्यापार गर्न पाइने छैन ।
६. कोठा खालि गर्दा वा गराउँदा ३ महिना अगाडि दुबै पक्षले लिखित जानकारी दिनुपर्ने छ ।
७. व्यक्तिको लागि नागरिकताको प्रमाण-पत्रको फोटोकापी तथा व्यवसायिक प्रयोजनका लागि नियमानुसार दर्ता भएका ग्राहकहरुको स्थायी लेखा नम्बर र स्थायी लेखा नम्बरको प्रमाण-पत्रको फोटोकापी अनिवार्य पेश गर्नुपर्नेछ ।
८. बोलपत्र प्रकाशनको मितिः- २०८०/०८/२८ गते ।
९. बोलपत्र दाखिला गर्ने अन्तिम मितिः- २०८०/१०/०३ गते दिनको ३:०० बजेसम्म ।
१०. बोलपत्र दाखिला गर्ने स्थानः- जनक हजारी विद्यापीठ प्रशासन शाखा दिनको ११:०० बजेदेखि ३:०० बजेसम्म ।
११. बोलपत्र खोल्ने मितिः- २०८०/१०/०४ गते दिनको ३:०० बजे ।
१२. बोलपत्र खोल्ने स्थानः- जनक हजारी विद्यापीठ
१३. टेण्डर स्वीकृत गर्ने नगर्ने अधिकार विद्यापीठमा निहित रहने छ ।
१४. एक व्यक्तिले २ वटा कोठा मात्र लिन सक्नेछ भने संस्थाले ४ वटा कोठासम्म मात्र लिन सक्नेछ ।
१५. टेण्डर खोल्दा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभएमा नियमानुसार भई जानेछ ।
१६. आ-आफ्नो व्यवसाय गर्ने स्थलहरु स्वयंले नै सफा राख्नुपर्नेछ ।
१७. पसल कवोलको मासिक भाडा प्रत्येक महिनाको ५ गते भित्रमा ज.ह.वि.पी.को रा.बा. बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर पेश गर्नुपर्नेछ ।
१८. टेण्डर दाखिला गर्दा न्यूनतम रकमको ३ महिना बराबर रकमको १० प्रतिशतले हुने रु. १२००।- जनक हजारी विद्यापीठको रा.बा. बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर संलग्न गर्नुपर्नेछ । उक्त टेण्डर स्वीकृत नभएकाहरुको बैंक दाखिला भएको रु. १२००।- २१ दिन पछि फिर्ता हुनेछ ।
१९. यो बोलपत्र ५ (पाँच) वर्षको लागि हुनेछ ।
२०. प्रत्येक २ वर्षमा भाडा रकमको १०% का दरले भाडा वृद्धि हुँदै जानेछ ।
२१. टेण्डर स्वीकृत भएको सात दिन भित्र करार सम्झौता गरिसक्नु पर्नेछ । अन्यथा स्वतः रद्द हुनेछ ।

प्राचार्य

जनक हजारी विद्यापीठ (क्याम्पस)

जनकपुरधाम-८

भारतका रविन्द्र जडेजा (आर) डिसेम्बर १२, २०२३ मा दक्षिण अफ्रिका र भारतबीचको सेन्ट जर्ज पार्कमा भएको दोस्रो टी २० क्रिकेट खेलमा दक्षिण अफ्रिकाका विकेटकीपर हेनरिक क्लासेन (एल) द्वारा हेरेको शट खेल्दै । *तस्वीरः एएफपी*

नेत्रहीन महिला क्रिकेटमा नेपालद्वारा भारत पराजीत

टुडे समाचारदाता

काठमाण्डु । भारतसंग लज्जास्पद हार बेहोरेका नेपालका अन्डर १९ टिमको हारको बदला नेत्रहिन महिला क्रिकेटले लिएको छ । भारतको मुम्बईमा भइरहेको महिला नेत्रहीन टी-२० क्रिकेट सिरिजको तेस्रो खेलमा बुधबार नेपालले भारतमाथि १० विकेटको सानदार जित हात पारेको छ ।

ओपनरद्वय बिनिता पुन र मनकेशी चौधरीले उत्कृष्ट ब्याटिङ गर्दै नेपालले सिरिजमा पहिलो जित दिलाएका हुन् । दुवैले अविजित रहँदै अर्धशतक बनाए ।यसअघि भएको पहिलो र दोस्रो खेलमा पराजित भएको नेपालले पहिलो जित निकाल्दै सिरिज जित्ने सम्भावना कायमै राखेको छ । भारतको पहिलो हारपछि पाँच खेलको सिरिजमा भारत २-१ ले अघि छ ।

ओपनरद्वय बिनिता र मनकेशीले अविजित १७४ रनको साझेदारी गरेपछि भारतले दिएको १७२ रनको लक्ष्य नेपालले १९.१ ओभरमा विना क्षति पूरा गरेको हो ।नेपालका लागि बिनिताले ६० बल खेल्दै ७ चौका प्रहार गरी ७८ रन बनाइन् । यस्तै मनकेशीले ५७ बल खेल्दै ५ चौका मदतमा ७५ रन बनाइन् ।यसअघिको दुवै खेलमा लक्ष्य पछ्याउदै नेपाल झिनो रनअन्तरले चुकेको थियो । तेस्रो खेलमा भने बिनिता र मनकेशीले सानदार ब्याटिङ गर्दै जितसम्म पुऱ्याएका हुन् ।

भारतले सात बलर प्रयोग गरे पनि नेपालको विकेट लिन सकेन ।त्यसअघि मुम्बईस्थित पुलिस जिमखाना क्रिकेट मैदानमा घरेलु टोली भारतले टस जितेर पहिले ब्याटिङ गर्दै ४ विकेट गुमाएर १७१ रन बनाएको थियो ।भारतका लागि सिमु दासले अविजित रहँदै सर्वाधिक ८४ रन बनाइन् । यस्तै सुनिता श्राथेले अविजित ३१ रन बनाइन् । सुस्मा पटेल र रभान्नीले समान १४ रन बनाए ।

भारतका चारै खेलाडी रनआउट भएका थिए । नेपालकी बिनिता पुनले २ तथा सरिता घिमिरे र निशा गौराले १-१ रनआउट गरे ।अब नेपाल र भारतबीच सिरिजको चौथो खेल बिहीबार हुनेछ । पाँच खेलको सिरिज खेल्न नेपाली टोली मुम्बई गएको हो ।

जीवाश्म ईन्धन अन्त्य गर्ने सम्झौताका लागि मस्यौदा प्रस्ताव तयार, अझै पूर्ण सहमति जुटेन

एएफपी

दुबई । संयुक्त राष्ट्रसङ्घको जलवायु सम्झौताको मस्यौदामा तेल, ग्यास र कोइला हटाउनका लागि कोप २८ ले सम्झौताका लागि मस्यौदा प्रस्ताव तयार गरेको छ ।

प्रस्तावमा राष्ट्रहरूबीचको गतिरोध तोड्ने अन्तिम प्रयासमा विश्वलाई जीवाश्म ईन्धनबाट टाढा रहन आह्वान गरिएको छ ।

रातभरिको वार्तापछि, दुबईमा कोप २८ शिखर सम्मेलनका लागि युएईका राष्ट्रपतिद्वारा प्रस्तावित पाठ, यदि अनुमोदन गरियो भने, अन्तर्राष्ट्रिय जलवायु सम्मेलनहरूको २८ वर्षको इतिहासमा सबै जीवाश्म ईन्धनहरूबाट निस्कने हरित गृह ग्यास अन्त्यका लागि सम्बोधन गरिएको पहिलो सहमति बन्नेछ ।

मस्यौदाले 'ऊर्जा प्रणालीमा जीवाश्म ईन्धनबाट टाढा भई न्यायोचित, व्यवस्थित र न्यायसङ्गत तरिकाले समस्या कम गर्न र सन् २०५० सम्ममा जिबाश्मा इन्धनजन्य सङ्कट रोक्न विश्वले गरेको प्रयासले सफलता पाउनेछ ।

दस्तावेजमा पश्चिमी राष्ट्र, न्यून उचाइमा रही बढ्दो समुद्र र उष्णकटिन्धीय आँधीबेहरीको जोखिमको सामना गरिरहेका टापु राष्ट्रहरूले माग गरेको जिवाश्मा इन्धनको प्रयोगको चरणको अन्त्यबारे प्रत्यक्ष उल्लेख गरिएको छैन ।

कोप २८ को अध्यक्षताले करिब २०० राष्ट्रबाट सर्वसम्मत अनुमोदन प्राप्त हुने आशामा स्थानीय समयानुसार ५:३० बजे पूर्ण सत्रको निर्धारित गरेको थियो ।

संरक्षण समूह डब्लुडब्लुएफका स्टेफन कर्नेलियसले नयाँ मस्यौदालाई ' अति आवश्यक सुधार' भन्नुभएको छ । अझै पनि जीवाश्म ईन्धनको पूर्णरूपमा अन्त्यको अभावमा निराशा व्यक्त गर्छन्। उनले भने, "यदि यो पाठमा देशहरू सहमत भए भने, यसले महत्वपूर्ण क्षणको प्रतिनिधित्व गर्नेछ ।

दुबईमा आयोजना भएको कोप २८ सम्मेलन दुई हप्ताको अन्तरालपछि मङ्गलबार समाप्त हुने कार्यक्रम रहेको भएपनि जलवायु परिवर्तनका लागि देखिएको सङ्कटको मुख्य दोषी जीवाश्म ईन्धनको प्रयोगलाई कसरी सम्बोधन गर्ने भन्नेमा राष्ट्रहरूबीच सहमति खोज्न रतदारूकताका साथ छलफल जारी रहेकोले तालिका तन्किएको छ ।

संयुक्त अरब इमिरेट्सको राष्ट्रिय तेल कम्पनीका प्रमुखसमेत रहेका कोप २८ का अध्यक्ष सुल्तान अल जाबेरको नेतृत्वले कतै जीवाश्म ईन्धन उद्योग फेरि प्रबल हुनेमार्गलाई रोक्न असफल हुने त होइन भनी जलवायु अभियानकर्ताहरूले शङ्काको दृष्टिले हेरेका थिए ।

जाबेरले सोमबार एउटा मस्यौदा प्रस्ताव गर्नुभएको थियो, जसलाई राष्ट्रहरूले जीवाश्म ईन्धनको खपत र उत्पादनलाई अन्य विकल्पहरूका साथै 'घटाउन' सक्छन् भन्ने सुझावका लागि धेरै कमजोर भनेर अस्वीकार गरिएको थियो ।

नयाँ मस्यौदाले जीवाश्म ईन्धनबाट हुने समस्यासहित कार्यहरूको श्रृङ्खलामार्फत योगदान गर्न सबै राष्ट्रहरूलाई स्पष्ट रूपमा ' आह्वान' गरेको छ ।

मस्यौदामा जीवाश्म ईन्धनमा 'क्रमशः अन्त्य' शब्द प्रयोग नगरे पनि यसले 'निर्बाध कोइला इन्धन'को क्रमिकरूपमा नियन्त्रणका लागि योगदानको लागि प्रस्ताब गरेको छ ।

यसको अर्थ कार्बन उत्सर्जन कम गर्न कार्बन उत्सर्जनमा उल्लेख्य भूमिका खेल्ने र धेरै पर्यावरणविद्हरूद्वारा आलोचना गरिएको प्रविधि उद्योगलाई अवरोध गर्ने छैन ।

यसले 'जीवाश्म ईन्धनलाई चरणबद्ध रूपमा हटाउन अपुग अनुदानहरूलाई बढाउन पनि आह्वान गरेको छ । यसले शीघ्ररूपमाम ऊर्जा क्षेत्रको कमजोरी वा केवल संक्रमणकाललाई सम्बोधन गर्दैन ।

पश्चिमा शक्तिहरूको समर्थन प्राप्त टापु राष्ट्रहरूले आफ्नो 'मृत्युको अधि-पत्र'मा हस्ताक्षर नगर्ने प्रतिक्रिया दिएपछि जाबेरले नयाँ प्रस्ताव पेश गर्नुभएको छ ।

जाबेरले एक्स्पो सिटी कम्प्लेक्समा रहेको आफ्नो कार्यालयमा विश्वभरका वार्ताकारहरूसँग रातभर छलफल गर्नुभएको थियो ।

युरोपेली अधिकारीहरूले सम्झौताको भाषा खोज्न इच्छुक रहेको सङ्केत दिएका थिए भने अमेरिकी जलवायु दूत जोन केरीले वार्तामा 'प्रगति' भएको बताउनु भएको थियो ।

सन् २०१५ को पेरिस शिखर सम्मेलनले तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा नियन्त्रण गर्ने सहमति गरेको थियो, जुन पछिल्लो मस्यौदामा दोहोरिएको लक्ष्य हो, तर आलोचकहरूले तेल, ग्यास र कोइला नियन्त्रणका लागि गम्भीर प्रयास बिना लगभग यो असम्भव रहेको बताएका छन् ।

ब्राजिल र संयुक्त राज्य अमेरिकासहित युरोप, प्रशान्त, क्यारेबियन र अमेरिकाका १३० भन्दा बढी देशहरूले तेल, ग्याँस र कोइलाबाट निकासका लागि आह्वान गरेका छन् ।

ईयूका जलवायु प्रमुख वोप्के होक्स्ट्राले वार्तामा सहभागी करिब २०० देशमध्ये ' भारी बहुमत' जीवाश्म ईन्धनमा कडा कदम चाल्न चाहेको बताउनुभएको छ ।

साउदी अरब, कुवेत र इराक जीबाश्मा इन्धनलाई चरणबद्ध रूपमा बन्द गर्ने प्रस्तावको सबैभन्दा मुखर विरोधी हुन् र तेल उत्पादक राष्ट्रहरूको सङ्गठन (ओपेक)ले आफ्ना सदस्यहरूलाई जीवाश्म ईन्धनलक्षित कुनै पनि सम्झौता रोक्न आग्रह गरेको थियो ।

छिमेकी देश कतारमा मङ्गलबार आयोजित ऊर्जा सम्मेलनमा कुवेतका इन्धनमन्त्री साद हमाद नासेर अल बाराकले चरणबद्धरूपमा अन्त्य गर्ने यो प्रस्ताव 'नश्लवादी र औपनिवेशिक' प्रस्ताव भएको र यसले यस क्षेत्रको अर्थतन्त्रलाई ध्वस्त पार्ने बताउनुभएको थियो ।

इराकका पेट्रोलिया पदार्थमामिला हेर्ने मन्त्री हयान अब्दुल गनी अल सावदले भन्नुभयो, "जीवाश्म ईन्धन सम्पूर्ण विश्वमा ऊर्जाको प्रमुख स्रोत रहनेछ ।"

> दुबईमा आयोजना भएको कोप २८ सम्मेलन दुई हप्ताको अन्तरालपछि मङ्गलबार समाप्त हुने कार्यक्रम रहेको भएपनि जलवायु परिवर्तनका लागि देखिएको सङ्कटको मुख्य दोषी जीवाश्म ईन्धनको प्रयोगलाई कसरी सम्बोधन गर्ने भन्नेमा राष्ट्रहरूबीच सहमति खोज्न रतदारूकताका साथ छलफल जारी रहेकोले तालिका तन्किएको छ ।

प्रधानमन्त्री कपको छैठौ संस्करण भैरहवा र काठमाडौंमा हुने

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री कपको छैटौं संस्करणको खेल भैरहवा र काठमाडौंमा हुने भएको छ ।

नेपाल क्रिकेट संघ क्यानले रुपन्देही जिल्ला क्रिकेट संघलाई पत्राचार गर्दै प्रधानमन्त्री कपको ८ देखि १० खेल भैरहवामा गर्ने क्यानले जानकारी दिएको छ । क्रिकेटलाई काठमाडौं बाहिर लैजाने योजनाले पहिलो पटक प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको केही खेल भैरहवामा गर्न लागिएको क्यानका सचिव पारस खड्काले जानकारी दिएका छन् ।

'अहिले धेरै क्रिकेट प्रतियोगिताहरु काठमाडौं केन्द्रित भइरहेका छन् । म आफैंले पनि बाहिर गएर प्रतियोगिताहरु हेर्दै । अब काठमाडौं बाहिर पनि प्रतियोगिता लैजाने योजना अनुसार हेर्दा भैरहवा उपयुक्त हुने देखियो ।'प्रतियोगिताअघि केही अन्तर्राष्ट्रिय सिरिज हुने तयारी भइरहेका कारण प्रतियोगिताको मिति भने सार्वजनिक भइसकेको छैन ।

'यसको मिति पनि छिटै सार्वजनिक हुनेछ । केही अन्तर र्राष्ट्रिय क्रिकेट सिरिज हुने विषयमा पनि छलफल भइरहेकोले मिति तय भएको छैन', पारसले बताए ।

सम्भवत प्रतियोगिता माघको पहिलो सातादेखि हुने उनले बताएका छन् । उनले भने, 'जनवरी तेस्रो साता (माघको पहिलो साता) देखि गर्ने तयारी छ ।'

यसअघि नै यो प्रतियोगिता राउण्ड रोबिन प्रणालीमा गर्ने तयारी भए पनि निश्चित भने भइसकेको छैन । 'राउण्ड रोविनमा गर्ने तयारी गरिरहेका छौं । सम्भवत त त्यही नै हुन्छ होला', पारसले बताए ।

बङ्लादेशमा रेल दुर्घटना हुँदा एकको मृत्यु आठ घाइते

सिन्ह्वा

ढाका । बङ्गलादेशको राजधानी ढाकाको बाहिरी भाग स्थित गाजापुरीमा बुधबार रेल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

स्थानीय समय अनुसार बुधबार बिहान ४ बजे भएको दुर्घटनामा करिब आठ जना घाइते भएको स्थानीय जोयदेबपुर रेलवे स्टेशनका प्रमुख हनिफ अलीले बताउनुभयो । उहाँका अनुसार ' इन्जिनसहित रेलका सातवटा 'बोगी' लिकबाट बाहिरिएपछि एक जनाको घटनास्थलमै मृत्यु भएको हो ।

रेल दुर्घटनाको कारण राजधानी ढाकाबाट देशका अन्य भागहरूमा घन्टौंसम्म रेल सेवा अवरुद्ध भएको थियो ।विपक्षीहरूको आन्दोलनका कारण गाजीपुरमा रेलवेको तोडफोड तथा कटान गरिदिएपछि रेल पटरीबाट खसेको अधिकारीहरूले बताएका छन् ।विपक्षी आन्दोलनले ढाका लगायत दक्षिण एसियाली देशमा अक्टोबरको अन्त्यदेखि लगभग हरेक दिन प्रहरी - मजदुर झडप तथा सवारीसाधनमा तोडफोड र आगजनीका घटना भइरहेका छन् ।

बङ्लादेशको प्रमुख प्रतिपक्षी दल बङ्लादेश नेसनलिस्ट पार्टी (बीएनपी) तथा सहयोगीले निर्वाचन आयोगले देशको १२ औं संसदीय निर्वाचनको कार्यतालिका घोषणा गरेपछि मङ्गलबार बिहानदेखि ३६ घण्टाका लागि देशव्यापी सडक, रेलमार्ग र जलमार्ग अवरुद्ध गरेको छ ।विपक्षी दलहरूले असोज अन्तिमदेखि आह्वान गरेको यो ११ औं चरणको विरोधको कार्यक्रम (अवरोध) हो ।

धर्मगुरूको हत्या गर्नेलाई मृत्युदण्ड

एएफपी

तेहरान । इरानी अधिकारीहरूले गत अप्रिलमा एक शक्तिशाली धर्मगुरूको हत्या गरेको अभियोगमा एक व्यक्तिलाई मृत्युदण्ड दिएको छ ।

देशको सर्वोच्च नेता चयन गर्ने विशेषज्ञहरूको सभाका सदस्य अयातुल्लाह अब्बास अली सुलेमानीको गत अप्रिल २६ मा उत्तरी प्रान्त मजान्दारनको बाबोलसर शहरको एक बैंकमा हत्या गरिएको थियो । नाम नखुलाइएका ती हत्यारा बैङ्कमा सुरक्षा गार्ड थिए । स्थानीय सञ्चारमाध्यमले सार्वजनिक गरेको सीसीटीभी फुटेजमा 'उनले कुर्सीमा बसिरहेका बेला धर्मगुरुलाई पछाडिबाट गोली हानेको देखिएको' देखिन्छ ।

धार्मिक शहीद अयातुल्लाह अब्बास अली सुलेमानीको हत्यारालाई देशको सर्वोच्च अदालतले अनुमोदन गरेपछि बुधबार कासा (प्रतिशोधसम्बन्धी इस्लामिक कानून) को सजाय सुनाइएको छ," न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा उल्लेख छ । इस्लामी कानुनअनुसार पीडित परिवारले

दोषीलाई छोड्न सहमत भएमा केसासको सजाय घटाउन सकिन्छ ।

७५ वर्षीय सुलेमानी यसअघि सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका सहयोगी थिए र उनले काशान र जाहेदान शहरमा शुक्रबार हुने इस्लामिक प्रार्थनाको नेतृत्व गर्नेगरेका थिए । विशेषज्ञहरूको ८८ सदस्यीय सम्मेलनलाई सर्वोच्च नेताको पर्यवेक्षण, बर्खास्ती र चयन गर्ने जिम्मेवारी दिइएको छ । यसको नेतृत्व ९६ वर्षीय धर्मगुरु अहमद जनातीले गरिरहनुभएको छ ।

यसका सदस्यहरू आठ वर्षे कार्यकालका लागि निर्वाचित हुन्छन्, तर उनीहरूको उच्च पदस्थ धर्मगुरूबाट अनुगमन हुने गर्छ ।सन् २०२२ को अप्रिलमा इरानको दोस्रो सहर मशादमा छुरा प्रहारबाट दुई धर्मगुरुको मृत्यु भएको थियो । २१ वर्षीय संदिग्ध जिहादी अब्दोलातिफ मोराडीलाई दुई महिनापछि फाँसी दिइएको थियो ।

मानवअधिकारवादी समूह एम्नेस्टी इन्टरनेसनलका अनुसार इरान विश्वमा धेरै मानिसलाई मृत्युदण्ड दिनेमध्येको एक इस्लामिक मुलुक हो । नर्वेस्थित इरान मानव अधिकार समूहले गत महिना सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार यो वर्ष अहिलेसम्म ६०० भन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिइसकेको छ, जुन आठ वर्षयताकै सबैभन्दा बढी हो ।

एडीबीद्वारा चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण

सिन्ह्वा

मनिला । एसियाली विकास बैंक (एडीबी)ले एसिया प्रशान्त क्षेत्रका विकासशील अर्थतन्त्रका लागि आफ्नो आर्थिक प्रक्षेपण बढाएको छ । चीनको अर्थतन्त्रमा अपेक्षाभन्दा उच्च वृद्धि भएको एडीबीको प्रतिवेदन बुधबार सार्वजनिक भएको हो ।

एसियाली विकास समीक्षा डिसेम्बर २०२३ले तेस्रो त्रैमासिकमा घरायसी उपभोग र सार्वजनिक लगानीमा वृद्धि गरेपछि चीनको अर्थतन्त्र यस वर्ष ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ ।

क्षेत्रीय अर्थतन्त्र भने यस वर्ष ४.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । जुन अघिल्लो बर्षको सेप्टेम्बरमा ४.७ प्रतिशतको प्रक्षेपण गरिएको थियो । आगामी वर्षको लागि भने ४.८ प्रतिशत प्रक्षेपण कायम गरिएको छ । उद्योगमा दोहोरो अङ्कको वृद्धिसँगै जुलाई-सेप्टेम्बरमा अर्थतन्त्रको अपेक्षितभन्दा धेरै विस्तार भएपछि भारतको वृद्धिको दृष्टिकोण ६.३ प्रतिशतबाट बढेर ६.७ प्रतिशत पुगेको छ ।

एडिबीको प्रतिवेदनअनुसार चीन तथा भारतको स्तरवृद्धिमा उत्पादन क्षेत्रको कमजोर भुमिका देखापरेका कारण दक्षिणपूर्वी एसियाको प्रक्षेपण प्रभावित भएको हो । उत्पादित सामानको कमजोर निर्यात तथा न्युन मागका कारण यस वर्ष दक्षिणपूर्वी एसियाको वृद्धिदर ४.६ प्रतिशतबाट घटेर ४.३ प्रतिशतमा झरेको छ ।प्रतिवेदनका अनुसार मध्य एसियामा अर्थतन्त्रको दृष्टिकोण थोरै बढेको छ भने प्रशान्त क्षेत्रको अर्थतन्त्रका लागि गरिएका अनुमानहरू सबै जसो अपरिवर्तित छन् ।

नतिजा प्रभावित हुनुलाई संयुक्त राज्य अमेरिकालगायत उन्नत अर्थतन्त्रमा लगातार बढेको ब्याज दरहरू जिम्मेवार देखिएका छन् । यसले कमजोर क्षेत्रका अर्थतन्त्रमा उच्च ऋण भएकाहरूमा वित्तीय अस्थिरतामा योगदान पुऱ्याउन सक्छ ।"विकसित एशियाले चुनौतीपूर्ण विश्वव्यापी वातावरणको सामनाका बाबजुद पनि बलियो गतिमा वृद्धि भइरहेको एडिबीका प्रमुख अर्थशास्त्री अल्बर्ट पार्कले बताउनुभएको छ ।

उहाँका अनुसार यस क्षेत्रमा मुद्रास्फीति पनि बिस्तारै नियन्त्रणमा आउँदैछ । उच्च विश्वव्यापी ब्याज दरदेखि एल निनो जस्ता जलवायु घटनाहरू सम्म जोखिमहरू बढ्दै छन् । एशिया तथा प्रशान्त क्षेत्रका सरकारहरूले आफ्नो लचिलो अर्थतन्त्र वृद्धि सुनिश्चित गर्न सतर्क रहनु आवश्यक छ ।

चालु वर्षको लागि यस क्षेत्रको मुद्रास्फीति दर अघिल्लो ३.६ प्रतिशतको प्रक्षेपणबाट ३.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष ३.५ प्रतिशतको प्रक्षेपणको बावजुद आगामी वर्ष मुद्रास्फीति ३.६ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ ।एल निनो मौसम ढाँचा वा रूस-युक्रेन द्वन्द्वको कारणले हुने सम्भावित खाद्य र ऊर्जाको आपूर्ति अवरोधहरूले पनि मुद्रास्फीतिलाई पुनःजगाउन सक्ने सन्दर्भ प्रतिवेदनमा उल्लेख गरिएको छ ।

माग बढेपछि फस्टाउँदै कोदो खेती

टुडे समाचारदाता

गलेश्वर । म्याग्दीको मालिका गाउँपालिका-२ रुमकी तिला बिकले यस वर्ष सात मुरी कोदो घरमा भित्र्याए । विगतका वर्षहरुमा खेती गर्ने जाँगर नहुँदा भएको बारी पनि बाँझै छोड्ने गरेकी बिकले यस वर्ष भने आफ्ने करिब पाँच रोपनी बारीमा कोदो रोपेकी थिईन् । गत वर्ष तीन मुरी कोदो भित्र्याएकी बिक यस वर्ष सात मुरी कोदो घरमा भित्र्याउन पाउँदा दङ्ग भईन् । त्यसैगरी, मालिका गाउँपालिका-१ निस्कोटका मनवीर सुनरले पनि विगतका वर्षमा भन्दा तीन मुरी बढी कोदो घरमा भित्र्याएको बताए । विगतका वर्षहरुमा मुस्किलले दुई मुरी कोदो उत्पादन हुने गरेकामा यस वर्ष पाँच मुरी बढी कोदो घरमा हुल्न पाउँदा उनी खुशी भएका छन् ।

पछिल्लो समय कोदोको माग सहरी क्षेत्रमा बढ्दै जान थालेपछि पश्चिम म्याग्दीका किसान कोदो खेतीप्रति आकर्षित भएका छन् । कोदोको परिकारप्रति सहरिया मानिस र पर्यटकको आकर्षण बढ्न थालेपछि किसान कोदो खेतीमा आकर्षित भएका हुन् । हिमाली जिल्लाका रूपमा रहेको म्याग्दीमा सिँचाइ सुविधा नभएका स्थानमा कोदो खेती गरिन्छ । विशेषगरी पश्चिम म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकाका साथै उत्तरी म्याग्दीको रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका कोदो खेतीका लागि उपयुक्त मानिन्छ ।

बिस्तारै कोदोको माग बढ्दै गएपछि वर्षौंदेखि बाँझो छोडेको जग्गामा खनजोत गरी कोदो खेती थालेपछि कोदोको उत्पादन बढ्दै गएको निस्कोटका कृषक खिरा विश्वकर्माले बताए । केही वर्षअघि सम्म घरअगाडिको भिरालो बारीमा वनमारा र सिरु फैलिएको पश्चिम म्याग्दीका निस्कोट, रुम, देवीस्थान, ओखरबोट, डाँडागाउँलगायत धेरै गाउँमा गत वर्षदेखि कोदो खेती विस्तार गरिएको छ । पश्चिम

म्याग्दीका बासिन्दाले अरू खेतीलाई भन्दा कोदो खेतीलाई महत्व दिँदै आइरहेका छन् ।

पछिल्लो समय गाउँबाट सहर गएका मानिससमेत बर्खामा गाउँ फर्केर आफ्नो बारीमा कोदो रोप्ने गरेका स्थानीयले बताएका छन् । "सहरमा कोदोको माग उच्च छ, गाउँमा आफ्नो बारी बाँझै रहन्थ्यो, यो वर्ष कोदो रोप्ने समयमा बजारबाट गाउँ फर्किएर खेताला (कृषि मजदुर) खोजी दुई दिन लगाई कोदो रोपैं, पाँच मुरी कोदो फल्यो", मालिका गाउँपालिका-४ का कर्णबहादुर पुनले भने, "यति भएपछि जाडोमा ढिँडो र रोटी खान पनि पाइने, बिक्री गर्न पनि पाइने ।"

मालिका गाउँपालिका-६ मा पर्ने उपल्लो दरबाङ, दिच्याम गाउँमा यस वर्ष राम्रो कोदो उत्पादन भएको र यहाँका स्थानीयले यस वर्ष दुई सय मुरीभन्दा बढी कोदो उत्पादन गरेका स्थानीय टीका सिउथानी मगरले बताए । उत्पादित कोदो बिक्री गर्नाका साथै घरेलु मदिरा उत्पादन गर्ने, ढिँडो र रोटी बनाएर खाने गरिन्छ । कुनै समयको महत्वपूर्ण खाद्यान्न बाली कोदो अहिले सहरी क्षेत्रका बालबालिकाका लागि मात्रै होइन ग्रामीण क्षेत्रका वयस्कका लागि दुर्लभ खाद्यवस्तु बन्दै गएको अवस्थामा यहाँका बासिन्दाले यसको व्यावसायिक खेती गरेर रैथाने बालीको समेत संरक्षणमा लागेको मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताए । रुम गाउँमा मात्रै तीन सय रोपनीभन्दा बढी बारीमा व्यावसायिकरुपमा नै गरिएको कोदो खेतीबाट यस वर्ष तीन सय मुरीभन्दा बढी कोदो उत्पादन भएको छ । यहाँ उत्पादन भएको कोदोबाट घरेलु मदिरा उत्पादन गरी बिक्री वितरण गर्न सक्ने हो भने वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्न सकिने स्थानीय कालिका पुन मगरले बताए ।

"गाउँमा १० वर्षअघि देखिको कोदो भकारीमा छ । कोदो जति पुरानो भयो घरेलु मदिरा उत्पादनका लागि त्यति नै राम्रो हुने भएकाले स्थानीयले पुरानो कोदो मदिरा उत्पादन र नयाँ कोदो खाद्यान्नका रुपमा प्रयोग गर्ने गर्छौं", उनले भने ।विगतका वर्षमा गाउँघरमा कोदोको उत्पादन कम हुँदै जाँदा सहरका होटलले भने कोदोको परिकारलाई नै आकर्षणका रूपमा राख्ने चलन भने बढ्दै गएको थियो । कोदोको भने जति मूल्य पर्न थालेपछि गाउँका किसान कोदो खेतीतर्फ आकर्षित भएका र यस वर्ष गाउँभरि नै कोदो राम्रो उत्पादन भएको मालिका गाउँपालिका-२ का टीका सुनारको भनाइ छ ।

म्याग्दीको सदरमुकाम बेनी, गलेश्वर, दरबाङ, सिङ्गा तातोपानी, भुरुङ तातोपानीलगायत बजार क्षेत्रका होटलमा आउने पाहुनाले बजारमा बेच्न राखिएको चामलभन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने र मूल्य पनि बढी तिर्ने गरेका होटल व्यवसायीहरुले बताएका छन् । त्यसैगरी गाउँगाउँमा सञ्चालित होमस्टे (घरबास)मा पनि कोदोको परिकारलाई प्राथमिकतामा राख्ने गरेको पाइएको छ । चिकित्सा विज्ञानले खाद्यान्नका रूपमा खालका मानिस र बिरामीका लागि कोदो राम्रो मानिने चिकित्सकको भनाइ छ । कोदोमा प्रशस्त मात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्व पाइन्छ । तौल घटाउन, मुटुसम्बन्धी रोग नियन्त्रण गर्न, हाड बलियो बनाउन, स्वस्थ पेट बनाउन पनि कोदोलाई राम्रो मानिन्छ । म्याग्दीमा यस वर्ष कोदोको उत्पादन बढेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । गत वर्षको तुलनामा ०.६५ प्रतिशतले कोदोको उत्पादन बढेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बास्तोलाले बताए ।

अनुकूल मौसम, कीराको प्रकोप नभएको र रासायनिक मलको आपूर्ति सहज हुँदा कोदो उत्पादन बढेको केन्द्रका प्रमुख बास्तोलालेको भनाइ छ । गत वर्ष म्याग्दीमा दुई हजार दुई सय ५० मेट्रिक टन कोदो उत्पादन भएकामा यस वर्ष तीन हजार तीन सय मेट्रिक टन कोदो उत्पादन भएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्राविधिक सहायक सम्झना आचार्यले बताए । "जिल्लाका विभिन्न ठाउँमा गरिएको धान र कोदो बालीको 'क्रप कटिङ' विधिबाट उत्पादनको अवस्थाका विषयमा अध्ययन गरेका थियौं," आचार्यले भने, "धान र कोदो दुवैको उत्पादकत्व बढेको छ ।"एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको कूल ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकामा त्यसमध्ये जम्मा १९ हजार चार सय ९८ हेक्टरमा मात्रै खेती गरिएको छ । खेती गरिएको जमिनमध्ये ६ हजार १३ हेक्टर अर्थात् ३०.८ प्रतिशत मात्रै सिञ्चित जमिन छ । यसमध्ये एक हजार ६ सय ८० हेक्टरमा बाह्रै महिना सिँचाइ हुन्छ ।

कौसीखेतीबाट मनग्य आम्दानी

टुडे समाचारदाता

काठमाण्डु । कञ्चनपुरका तिलकपुरका प्रेमराज खत्रीले घरको छतभरिकौसीखेतीगरीविभिन्नप्रकारका तरकारी फलाएका छन् । उनको कौसीमा बाँसले बनाएका च्याकमा गोलभेँडा, काउली, हरियो खुर्सानी, रायो र चाइनिज सागलगायत हिउँदे तरकारीले हराभरा छ ।

उनको बारीमा विभिन्न प्रजातिका फलफूलका बिरुवा र जडीबुटीले हराभरा देखिन्छ । गाउँका धेरैले उनको बारीलाई अशोक बाटीका भन्ने गर्दछन् । उक्त बारीमा नभएको कुनै बिरुवा छैन । "२०६६ सालमा प्रहरीबाट सेवानिवृत्त भएपछि मैले खेती सुरु गरेको हुँ ।" उनले भने "सुरुआतमा घरमा खानलाई उत्पादन गर्न खोजेको हुँ अहिले बिक्री गर्न थालेको छु मासिक चार/पाँच हजार आम्दानी हुन्छ ।" उनले आफुसँग जग्गा नभएका कारण घरको छतमा खेती गर्नुपरेको बताए । "यहाँ मेरो दुई कठ्ठा एक धुर जग्गा छ त्यसमा घर बनेको छ तरकारी खेती गर्न ठाउँ छैन ।" खत्रीले भने"जग्गा



नभएपछि छतमा खेती सुरु गरे यहाँ सबै प्रकारका तरकारी छन् राम्रो फल्छ ।" तरकारी बिक्रीबाट मासिक चार/पाँच हजार र दूध बिक्रीबाट मासिक १६ हजार आम्दानी हुने गरेको उनले बताए ।

"केही गरौं भन्ने भावना भएको मानिस कहिले बेरोजगार हुँदैन ।" उनले भने "यहाँ धेरै मानिस आफ्नै मनिस्थितिले बेरोजगार भएका छन् ।" उनले आफ्नो सीप प्रयोग गरे स्वदेशमै रोजगार रहेको बताए । "मेरो परिवारले अहिलेसम्म बजारको औषधि खानुपरेको छैन ।" उनले भने "घरको उत्पादनले आफू पनि स्वस्थ्य भइन्छ आम्दानी पनि हुन्छ ।" अहिले खेतीबाटै आएको आम्दानीले छोराछोरीको पठनपाठन खर्च चलेको उनले बताए । "छोरो विएससी सिएसआई र छोरी विएससी अध्ययन गर्दै छन् ।" उनले भने"तरकारी बिक्रीबाट आएको रकमले घरखर्च सबै चलेको छ ।"

उनी कृषि सँगसँगै भाषा संस्कृति संरक्षणमासमेत सक्रिय छन् । २०३९ सालमा रेडियो नेपालबाट स्वर परीक्षण उत्तीर्ण गरेको उनी 'हो... जिल्ला बैतडी' बोलको देउडा गीतका रचनाकारसमेत छन् । बैतडीको प्रसिद्ध धार्मिक जगन्नाथ र त्रिपुरासुन्दरी मन्दिर बैतडी जिल्लाको परिचय र धार्मिक देवालयको इतिहास समेटेर बजारमा ल्याएको उनको उक्त गीत अहिले पनि उत्तिकै चर्चामा छ ।

समान पहुँच पुग्नेगरी नीति बनाउन माग

टुडे समाचारदाता

काठमाण्डु । अपाङ्गता भएका व्यक्तिले न्यायिक निकायमा समान पहुँच पुग्नेगरी नीति बनाउन माग गरेका छन् । राष्ट्रिय अपाङ्गता महासङ्घ कर्णाली प्रदेशले बुधवार वीरेन्द्रनगरमा आयोजना गरेको सार्वजनिक बहस कार्यक्रममा सहभागीहरुले कुनैपनि निकायमा सेवाको लागि जाँदा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त वातावरण नभएको भन्दै समान पहुँच पुग्नेगरी नीति बनाउन माग गरेका हुन् ।

अधिकांश निकायमा अपाङ्गतामैत्री संरचना नहुँदा सेवा लिन जाँदा सास्ती हुने गरेको भन्दै यसमा सरकारले गम्भीर भएर सोच्नुपर्ने उनीहरुको भनाइ थियो । अपाङ्गता भएका व्यक्ति घरपरिवारबाटै विभेदमा पर्ने गरेको भन्दै उनीहरुले अन्य क्षेत्रमा पनि विभेद कायमै रहेकाले न्यायिक निकायमा समान पहुँच तथा संरचना नभएको उनीहरुको गुनासो थियो ।

कार्यक्रममा सहभागी वीरेन्द्रनगरका रत्ना रानाले अपाङ्गता भएका व्यक्ति न्याय माग्न जानुपर्दा थुप्रै समस्या खेप्नुपरेको बताए । उनले भौतिक संरचना अपाङ्गतामैत्री नभएको बताउँदै बहिरा अपाङ्गता व्यक्ति न्याय माग्न जाँदा भाषाकोसमेत समस्या रहेको बताए । उनले अपाङ्गता भएका व्यक्तिको प्रजनन् अधिकारमा समेत पहुँच पुग्न नसकेको भन्दै यसमा पनि सरकारले ध्यान दिनुपर्नेमा जोड दिए ।

सुर्खेत लाटीकोइलीका धर्म रावलले शिक्षामा समेत अपाङ्गता भएका व्यक्तिको पहुँच पुग्न नसकेको भन्दै विशेषगरी बहिरा अपाङ्गता भएका व्यक्तिको लागि पाठ्यक्रममा साङ्केतिक भाषा राखेर पठनपाठन गरिनुपर्ने माग राखे । अर्का सहभागी झक्कप्रसाद पोखरेलले कुनैपनि निकायमा सहज रुपले पहुँचमा पुग्न नसकेको भन्दै अपाङ्गताका क्षेत्रमा के काम भइरहेका छन् भनी प्रश्न गरे ।

सहभागीले अपाङ्गता परिचयपत्र वितरणमा भएका समस्या हटाउन, विद्यालय शिक्षा र सेवा लिन जाँदा न्यायमा समान पहुँच पुऱ्याउनका लागि समयसापेक्ष नीति बन्नुपर्ने लगायतका माग राखेका थिए । सहभागीका प्रश्नको जवाफ दिँदै सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद पाण्डेले यातायातमा अपाङ्गता भएका व्यक्तिका लागि दिइने ५० प्रतिशत छुट नदिइएको भन्ने गुनासो जिल्ला प्रशासनमा आएको भन्दै यसको समाधान गरिने प्रतिबद्धता जनाए । उनले न्यायमा समान पहुँच पुऱ्याउन नीति बनेका भन्दै बनेका नीतिको सही ढङ्गले कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक लक्ष्मण शाहीले जिल्ला प्रहरीमा अपाङ्गता भएका व्यक्तिको उजुरी कमै मात्र आएको जानकारी दिए । उनले ११ महिनाको अवधिमा जम्मा तीन निवेदन प्रहरीमा दर्ता भएको जानकारी दिँदै अपाङ्गता भएका व्यक्तिलाई घरपरिवारबाटै विभेद हुने गरेको पाइएको बताए । शाहीले जिल्ला प्रहरी कार्यालयमा अपाङ्गता सहायता कक्ष स्थापना गरी सेवा दिइरहेको बताए । अपाङ्गतामैत्री वातावरण बनाउने पहल प्रहरी कार्यालयमा भइरहेको बताउँदै उनले विसं २०७४ पछि बनेका प्रहरी भवन पूर्ण अपाङ्गतामैत्री रहेको जानकारी दिए ।

राष्ट्रिय मानवअधिकार आयोग कर्णाली प्रदेशका सूचना अधिकारी मानबहादुर कार्कीले अपाङ्गता भएका व्यक्तिले आफूहरुमाथि मानवअधिकार हनन् भएमा सोको उजुरी दिनुपर्ने बताए । उजुरीका आधारमा आयोगलाई काम गर्न थप सहयोग हुने उनको भनाइ थियो । वीरेन्द्रनगर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलनको काम गरिरहेको भन्दै अपाङ्गताका सवालमा विभिन्न योजना तथा नीति बनाउने तयारी भइरहेको नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक टीका घलेले जानकारी दिए ।

बिजुली नपुगेका घर खोज्दै ऊर्जा मन्त्रालय

टुडे समाचारदाता

पोखरा । पछिल्लो आर्थिक सर्वेक्षणले गण्डकी प्रदेशका दुई हजार आठ सय ८४ घरधुरी मात्र बिजुलीको पहुँचबाहिर रहेको देखाएको थियो । तीमध्ये बागलुङको ढोरपाटन नगरपालिका-६ छेन्तुङका तीन सय ९१ घरमा गत असोजमा सौर्य ऊर्जा जडान गरिएको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । उक्त तथ्याङ्कलाई आधार मान्दा अब गण्डकी प्रदेशका दुई हजार चार सय ९३ घरधुरीमा मात्र बिजुली नपुगेको देखिन्छ ।

मन्त्रालयको ऊर्जा शाखा प्रमुख इन्जिनियर जीवन श्रेष्ठका अनुसार बिजुली नपुगेका घरधुरी पहिचान गरी प्रदेशको शतप्रतिशत जनसत्त्यामा विद्युत् सेवा पुर्याउने योजनामा मन्त्रालय छ । "बिजुलीको पहुँचबाहिर रहेका शून्य दशमलव पाँच प्रतिशत घरको खोजी तथा पहिचान गरी जतिसक्दो चाँडो विद्युत् सेवा पुर्याउँछौं", उनले भने, "केन्द्रीय प्रसारण लाइन विस्तार गर्न नसकिने ठाउँमा सौर्य ऊर्जा जडान भइरहेको छ ।"

अहिलेसम्म बिजुली नै नपुगेका घरधुरी पहिचान गर्न नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग मन्त्रालयले समन्वय गरिरहेको इन्जिनियर श्रेष्ठले बताए । तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी रहेको उनको भनाइ छ । "अन्यत्र पनि विद्युत् सेवाबाट बञ्चित गाउँ र परिवार हुन सक्छन्, त्यस्ता ठाउँको हामी आफैंले पनि खोजी र अध्ययन गर्दैछौं", इन्जिनियर श्रेष्ठले भने ।

प्रदेशभित्रका ९९ दशमलव ५० प्रतिशत घरमा विद्युत् सेवा पुगिसकेको र बाँकी घरधुरीमा यथाशक्य छिटो बिजुली पुर्याएर 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने प्रदेश सरकारको तयारी छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा सबै घरमा बिजुली पुर्याउने निर्णय गरेको थियो ।बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमा समेटिँदै आएको 'उज्यालो गण्डकी प्रदेश'को लक्ष्य यसै वर्ष पूरा हुने मन्त्रालयले जनाएको छ । सरकारको चालु आव २०८०/८१ को नीति तथा कार्यक्रमले पनि उक्त लक्ष्यलाई समेटेको छ । मन्त्रालयका प्रवक्ता हरिदत्त पौडेलले विद्युतीकरण हुन बाँकी नवलपुर र तनहुँका केही ठाउँमा राष्ट्रिय प्रसारण लाइन विस्तारको काम भइरहेको बताए ।

"राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन नसिकने ठाउँमा लघुजलविद्युत् र सौर्य उर्जा प्रविधि जडानको काम भइरहेको छ", उनले भने, "छुटेका घरधुरीमा दुई महिनाभित्रैमा विद्युतीकरण गर्न सकियो भने आगामी फागुन ४ मा पर्ने प्रदेश स्थापना दिवसमा 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने मन्त्रालयको तयारी छ ।"

सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सूचित गरेको प्रवक्ता पौडेलले बताए । नेपाल विद्युत् प्राधिकरणको १३ वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको उनको भनाइ छ ।लघजलविद्युत् पनि नभएको ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानकोसमेत व्यवस्था गरेको प्रवक्ता पौडेलले बताए । मन्त्रालयका अनुसार प्रदेशका पाँच लाख ७५ हजार एक सय ८७ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ ।

राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङ र गोरखाका आठ स्थानीय तहका एक हजार पाँच सय ९६ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको मन्त्रालयले जनाएको छ । यस्तै संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कुल एक सय ९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ । प्रदेशमा रहेका ९० लघुजलविद्युत् आयोजनाबाट तीन हजार दुई सय ९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ । यसबाट १५ हजार चार सय ४० घरधुरी लाभान्वित भएका छन् ।

पाँच हजार आठ सय हेक्टरमा मकैखेती

टुडे समाचारदाता

कलैया । बारामा यसवर्ष पाँच हजार आठ सय ६० हेक्टर क्षेत्रफलमा मकैखेती भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । खाद्यान्य बालीमा मकैबाली तेस्रो स्थानमा रहेकाले हिउँदे, वर्षे र वसन्ते गरी तीन प्रकारका बाली लगाउने गरिएको केन्द्रका प्रमुख जीतेन्द्र यादवले जानकारी दिए । तीन प्रकारका बाली लगाउन सकिने भएकाले किसानको यसतर्फ आकर्षण बढेको उनको भनाइ थियो ।

मकै बालीमा हिउँदे र वसन्ते सिञ्चित क्षेत्रमा र वर्षे कम सिञ्चित क्षेत्रमा खेती हुने केन्द्रका बाली संरक्षण अधिकृत राजनारायणप्रसाद साहले बताए । मकै व्यापारीले किसानको घर, खेतबाटै खरिद गर्ने गरेकाले बजारको समस्या नभएको किसान बताउँछन् । गत वर्ष विभिन्न जातका हिउँदे मकै पाँच हजार आठ सय ५० हेक्टर क्षेत्रफलमा खेती गर्दा ३७ हजार चार सय ४० मेट्रिकटन मकै उत्पादन भएको केन्द्रका कृषिप्रसार अधिकृत रामजीवन ठाकुरले जानकारी दिए ।

थप आठ पुल सञ्चालनमा ल्याउने तयारी

टुडे समाचारदाता

चितवन । नारायणगढ-मुग्लिन सडक खण्डमा निर्माण हुँदै गरेका थप आठ पुल दुई महिनाभित्रमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । ती पुलको पहुँच मार्गको काम मात्र बाँकी छन् । नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी ई कृष्ण आचार्यका अनुसार मङ्सिर महिनामा चार नयाँ पुल सञ्चालनमा आएका छन् । थप आठवटा पुल दुई महिनाभित्रमा सञ्चालनमा आउने गरी काम भइरहेको छ ।

उनका अनुसार काली, नम्सी, रिग्दी, सिमलताल, भोर्ले, खोर, खहरे र जुगेडी पुल दुई महिनाभित्रमा सञ्चालनमा आउने उनले जानकारी दिए । उनले भने "चार वटा एक महिनामानै सञ्चालनमा आउँछ । आठ वटै पुल सञ्चालनमा ल्याउन दुई महिना लाग्छ ।" ती पुलको पहुँचमार्ग बनाउने र रङगरोगन लगायतका काम भइरहेको छ ।

यही मङ्सिर महिनामा डुम्रे, चिसेन्जी, तोपे र लामो बालुवाको पुल सञ्चालनमा आएको उनले

जानकारी दिए । थप आठ पुल सञ्चालनमा आएपछि नयाँ बन्दै गरेका १५ पुलमध्ये दुईवटा मात्र बन्न बाँकी रहन्छन् । आचार्यका अनुसार खहरेको पुल ६ महिनाभित्रमा सञ्चालनमा आउने छ । तुइन खोलाको पुल निर्माणका लागि भने भित्तो विस्फोट गर्नुपर्ने भएकाले थप समय लाग्ने उनले बताए ।

गएको हिउँदमा सडक रोकेर दुईवटा पुल बनाउन ढिस्को भत्काउन थालिएको थियो । सँगै भत्काउन थालिएको चिसेन्जी खोलाको आडको ढिस्को भत्काएर पुलसमेत निर्माण गरिसकिएको छ । यो ठाउँमा ४० मिटर अग्लो ढिस्को भत्काएर पुल बनाइएको हो । आचार्यका अनुसार तुइन खोलाको पुल बनाउनका लागि ढिस्को पूरै भत्काउन नसकिएपछि विस्फोट गर्न लागिएको हो । पुलको मुग्लिन तर्फको झण्डै ६० मिटर अग्लो पहाडमध्ये २५ मिटर भत्काइएको छ । बाँकी ३५ मिटरलाई विस्फोट गर्न लागिएको सूचना अधिकारी आचार्यले जानकारी दिए ।

प्रक्रियागत काम पूरा गर्न समय लागेकाले गत हिउँदमानै विस्फोट गर्ने गृहकार्य गरिएको भए पनि काममा ढिलाइ भएको हो । उनका अनुसार ढिस्को भत्काउन विस्फोटक पदार्थ ल्याउनका लागि अनुमति प्राप्त भइसकिएको छ । आयोजनाले विभाग हुँदै गृह मन्त्रालय, रक्षा मन्त्रालय, पुनः गृहमन्त्रालय भएर अन्तिम अनुमति भारतीय राजदूताबासबाट पाएको जनाइएको छ ।

यससँगै विस्फोटक पदार्थ ल्याएर राख्नका लागि नेपाली सेनासँग रहेको बङ्कर मर्मत सम्भार गर्ने तयारी गरिएको छ । उनका अनुसार भरतपुरमा सेना सँग रहेको बङ्कर मर्मत गरेर त्यहाँ विस्फोटक पदार्थ राख्न लागिएको हो । दश टन विस्फोटक पदार्थ झिकाइदै छ । दुई महिनाभित्रमा विस्फोटक पदार्थ झिकाएर अर्को दुई महिनामा विस्फोट गरी डाँडा भत्काउने तयारी छ । उनले भने "हाम्रो योजना अनुसार काम भएमा आगामी असार सम्ममा पुलनै बनिसक्छ ।"

यो खण्डमा पर्ने १९ पुलमध्ये चार पुल सन् २०२० मा निर्माण गरिएको थियो । बाँकी १५ पुलसँगै निर्माण थालिएको हो । विसं २०७६ चैत १० गतेबाट पुलको निर्माण थालिएको हो ।

अलैंचीको मूल्य बढेपछि किसान उत्साहित

टुडे समाचारदाता

काठमाण्डु । पहाडी क्षेत्रको मुख्य नगदेबालीका रुपमा लिइने अलैंचीको मूल्य बढेसँगै किसान हर्षित भएका छन् । गत वर्षको तुलनामा यस वर्ष अलैंचीको मूल्य बढेको छ ।

ताप्लेजुङमा अहिले प्रति मन (४० किलो) रू ६९ हजारमा कारोबारभइरहेकोअलैंचीव्यवसायी बालमणि बरालले जानकारी दिए । उनका अनुसार यस वर्षको सबैभन्दा बढी गत सोमबार रू ७१ हजारका दरले कारोबार भएको थियो । शुक्रबारदेखि अलैंचीको मूल्यमा उतारचढाव आइरहेको बरालको भनाइ थियो । मूल्यमा वृद्धि भएसँगै अलैंची किसान खुसी भएका छन् । पछिल्ला केही वर्ष

न्यून मूल्यमा कारोबार गर्दै आएका किसानले यस वर्ष तुलनात्मक रुपमा केही बढी मूल्य पाएपछि खुसी भएका हुन् ।

"यस वर्ष उत्पादन केही घटे पनि मूल्य भने बढ्नले किसानलाई राहत पुगेको छ", अलैंची किसान गणेश सिग्देलले भने, "अलैंचीको मूल्यमा सधैं एकरुपता हुनुपर्ने हो । ठूलो परिमाणमा मूल्य घटबढ भइरहँदा किसान अलमलमा पर्ने गरेका छन् ।"गत आर्थिक वर्षको अन्तिम समयमा प्रति मन रू ६० हजारका दरले कारोबार भएको थियो । यस वर्ष सिजनको सुरुवाती समयमा झण्डै त्यही हाराहारीमा कारोबार भएको थियो ।

बर्खामा अत्यधिक पानी र हिउँदमा लामो समय खडेरी पर्नुका साथै रोगकीराका कारण अलैंची उत्पादन घटेको किसान रश्मी आचार्यले बताए । उनका अनुसार यहाँ उत्पादित अलैंची झापाको विर्तामोड हुँदै भारतीय बजारमा निर्यात हुने गरेको छ ।

भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

मोहीयानी हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही भगलु राय यादव मरुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनि ज.ध.तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम.भै जानेछ ।

तपसिल

ज.ध.को नाम	जिल्ला	गाविस	वडा नं.	कि.नं.	क्षे.फ.	मोही
नैन देवी	रौ.	महमदपुर	१	१३४।१०७१	०-१-१३¼	भगलु राय यादव

भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

मोहीयानी हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही मरुवा भगुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनि ज.ध.तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम.भै जानेछ ।

तपसिल

ज.ध.को नाम	जिल्ला	गाविस	वडा नं.	कि.नं.	क्षे.फ.	मोही
अरुण कुमार झा	रौतहट	गंगापिपरा	७	९१।१०१०	०-०-९-१२	गुदर राउत कुर्मी
" " "	"	"	"	९१।९७१	०-०-६-०	" " "
" " "	"	"	"	९१।९७३	०-०-६-०	" " "
मालती देवी	"	"	७	९१।१०११	०-०-१९-४	" " "
राजश्री झा	"	"	७	९१।१००९	०-१-९-०	" " "

सुरक्षा घेरामा वीरगञ्ज महानगरपालिका, उपमेयर आलमले दिए सफाइ

अनिल तिवारी

वीरगञ्ज । बुधबार दिनभरि वीरगञ्ज महानगरपालिकाको अवस्था तनावग्रस्थ रह्यो । वीरगञ्ज महानगरपालिकामा कर्मचारी र सेवाग्राहीबाहेककालाई प्रवेशमा रोक लगाइएको थियो । महानगरपालिका परिसर भित्र-बाहिर सबैतिर ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो । मंगलबार महानगरमा कोठाको विषयलाई लिएर भएको विवादलाई मध्यनजर गर्दै दोस्रो दिन बुधबार महानगरको सुरक्षा व्यवस्था कडा पारिएको पर्सा प्रहरीको भनाइ थियो । महानगरमा मंगलबार भएको मेयर र उपमेयर समर्थकबीचका विवादका कारण महानगर बुधबार दोस्रो दिन पनि तनावग्रस्त नै रह्यो ।

अर्कोतर्फ दिनभरि महानगरपालिका आसपास मेयर र उपमेयर समर्थक कार्यकर्ताहरु खचाखच गुटबन्दीमा देखापरेका थिए । बिहानै देखि चारैतिर मेयर र उपमेयर समर्थकको भीड बढ्न थालेपछि सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था कडा पारिएको पर्सा प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जनाए । उनका अनुसार मेयर र उपमेयर समर्थकबीच पुनः विवाद नहोस् भन्दै पर्सा प्रहरीले महानगरमा व्यापक प्रहरी परिचलान गरेको छ ।

मधेश कृषि विश्वविद्यालयको दोस्रो वार्षिकोत्सव

टुडे समाचारदाता

राजविराज । मधेश कृषि विश्वविद्यालयले आफ्ना दोस्रो स्थापना दिवस मनाएको छ । विश्वविद्यालयका उपकुलपति डा. वैद्यनाथ महतोको अध्यक्षता तथा शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशका सचिव लक्ष्मी प्रसाद भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न दोस्रो वार्षिकोत्सव समारोहमा विश्वविद्यालयका रजिष्टार डा. भगवान ठाकुरले स्थापना काल देखि हाल सम्मको २७ बुँदे प्रगति प्रतिवेदन पेश गरेका थिए ।

मधेश प्रदेश कृषिमै आधारित प्रदेश रहेका कारण यहाँ कृषि विशविद्यालय स्थापना गरिएको थियो । मधेश प्रदेश सरकारको मधेश गौरवको आयोजना मध्येका एक कृषि विश्व विद्यालयमा अध्ययन पछि विद्यार्थीहरुको कृषिमा झुकाव बढ्ने विश्वास समेत व्यक्त गरिएको थियो । सो अवसरमा पौराणिक प्रक्रियाबाट गरिने कृषि पेशावाट आर्थिक उन्नतिमा टेवा पुग्न नसक्ने भएपछि नयाँ नयाँ प्रविधिको प्रयोग गरी कृषि पेशालाई व्यवसायिक बनाइए वैदेशिक रोजगारलाई विस्थापित गर्ने मुख्य आधार बन्ने विश्वास व्यक्त गरिएको थियो ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी किरण थापाले विश्वविद्यालय मधेशको मात्र नभइ समग्र देशकै नमुना रहने विश्वास सहित शुभकामना व्यक्त गरेका थिए । सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान आयोगको कार्यालय, सप्तरीका प्रमुख तथा बरथगण लगायतका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

शिक्षक, अभिभावक, विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरुको उल्लासमय सहभागितामा विश्वविद्यालयका विद्यार्थीहरुले लोक संस्कृतिको मौलिकता झल्किने सामाचकेवा नृत्य, मैथिली सांस्कृतिक नृत्य, थारु नृत्य, कथा वाचन, कबिता वाचन लगायतका मनोरञ्जनात्मक बिधाहरुमा आफ्नो कला प्रदर्शन गरेका थिए ।

शिक्षिका पत्नी घरमा, पति विद्यालयमा पढाउदै

राकेश यादव

गौर । रौतहट जिल्लाको ईशनाथ नगरपालिकामा विद्यालयको स्थलगत अनुगमन नगर्दा बालबालिकाको भविष्य संग खेलवाड़ हुने गरेको छ । प्रारम्भिक सिकाई बलियो हुनुपर्नेमा लापरवाही भएपछि बालबालिकाको शिक्षाको विकास नै धरापमा पर्ने देखिएको छ ।

शिक्षालाई स्थानीय तहको जिम्मा दिए पछि ठाडो राजनीतिक हस्तक्षेप बढ़ी देखिएको कारण शिक्षाको स्तर खस्किँदै गएको छ । ईशनाथ नगरपालिका वड़ा नम्बर ९ लौतनामा सञ्चालन रहेको एक प्राथमिक विद्यालयमा नियुक्ति पाएका एक शिक्षिका घरमा बेसको र त्यसको सट्टामा उनको श्रीमान् बाल बालिकालाइ पढाउदै गरेको पाइएको छ ।

महेन्द्र राय यादव प्राथमिक विद्यालयमा कार्यरत रहेकी बाल शिक्षिका कबिता देवी यादवको सट्टामा उनका लोग्ने शिशु र कक्षा १ मा अध्ययन गराउँदै पाइएको छ ।

बिहान ११ बजेको समयमा विद्यालयमा पत्रकारहरुको टोली पुग्दा विद्यालयका प्राध्यानध्यापक प्रेम यादव विद्यालय बाहिर रहेका थिए भने कक्षा कोठामा श्रीमतीको ठाउँमा श्रीमान् पढाउदै गरेको पाइयो । आफू अध्यापन गरिरहेको विद्यालयमा शिक्षक कति जना छन्, कति कक्षा सम्म पढाई हुन्छ भने कुरा समेत थाहा नभएको व्यक्तिले

सानो बालबालिकाको भविष्य बिगार्ने कार्य गरिरहँदा पनि सम्बन्धित निकायले कुनै कारवाही गर्न सकेका छैनन् ।

शिक्षाको विकास राम्रो रहेको दावी गर्दै आएकी ईशनाथ नगरपालिकाको नगर प्रमुख कौशल्या देवी सिन्हाको कमजोरीको कारण शिक्षामा विकृति फैलिएको स्थानीयहरुको आरोप रहेको छ ।

चिसो मौसममा छाना नै नभएको कक्षा कोठाको भूईमा बसेर बाल बालिका पढाउने गरेको विद्यालयमा शुद्ध खानेपानी र शौचालयको अभावसमेत रहेको देखिएको छ ।

विद्यालयमा कार्यरत शिक्षक राजेश कुमार यादवले विद्यालयमा खानेपानी र शौचालयको अभाव रहेको कारण समस्या भोग्नु परिरहेको बताए । उनले ६ महिना अघि हुरीले उडाएको छाना मर्मत गराई दिन पटक-पटक आग्रह गर्दा नगर प्रमुखले कुनै चासो नदेखाएको गुनासो गरे ।

नगर पालिकाले २०७९ साल फागुन महिनादेखि नै दिवा खाजाको रकम नदिएकोले बाल बालिकालाई खाजा खुवाउन समस्या भइरहेको कार्यालय सहयोगी राम प्रवेश यादवले बताए । पसलबाट उधारो खानेकुरा ल्याएर खाजा खुवाउदै आएको दुखेसो पोख्दै पसलेले पैसाकोलागि दिनहुँ ताकेता गर्ने गरेको गुनासो गरे ।

कक्षा ५ सम्म सञ्चालन रहेको सो विद्यालयमा १ शिक्षक र ४ शिक्षिका गरी ५ जना कार्यरत रहेका छन् । प्राध्यानध्यापक प्रेम यादव राजनीतिमा बढ़ी समय खर्चिने गरेकाले विद्यालयको अवस्था दयनीय बन्दै गएको छ ।

विद्यालयमा कम्पाउण्ड वाल , बेन्च डेस्क समेत रहेको छैन । कम्पाउण्ड वाल नभएका कारण विद्यालयमा भएको सामग्री पनि चोरी हुने गरेको शिक्षक यादवले वताए ।

जिल्ला शिक्षा विकास समन्वय इकाई रौतहटका प्रमुख राम विनय सिंहले पत्नीको ठाउँमा लोग्ने पढाउन नपाउने बताए । त्यस्तो कार्य गर्ने माथि नगरपालिकाले कारवाही गर्नु पर्ने समेत बताए । बिद्यालयमा १ सय २५ जना विद्यार्थी रहेका छन् ।

यमुनामाइमा वर्षौंदेखी विग्रिएको दर्जनौ टावर लाइट अझै मर्मत हुन सकेन

ओम प्रकाश यादव

गरुडा । रौतहटका जनप्रतिनिधिहरुले पछिल्लो समय आ-आफना पालिका र क्षेत्रमा धमाधम टावर लाइट जडान गर्न थालेका छन् ।

टावर लाइट जडान गर्दा खर्च थोरै लाग्ने र त्यसबाट राम्रै फाइदा हुनेभएको हुँदा जिल्लाका स्थानीय तहहरुका जनप्रतिनिधि, प्रदेश एवं संघीय सांसदहरुले समेत निकै तामझामका साथ टावर लाइट उद्घाटन गरी सञ्चालन गर्ने गरेका छन् ।

जनप्रतिनिधिहरुले निकै उमंगका साथ तामझाम गरी टावर लाइट जडान गर्ने गरेको भए पनि उक्त टावर लाइटहरु विग्रे पछि उनीहरु मर्मत सम्भार गर्न कुनै ध्यान नदिने गरेको पाइएको छ ।

सस्तो लोकप्रियता कमाउने उद्देश्यले जनप्रतिनिधिहरुले टावर लाइट सञ्चालन गर्ने गरेको भए पनि विग्रेपछि मर्मत सम्भार गर्न उनीहरु कुनै चासो नदेखाउने गरेको गुनासो बढेको छ । जिल्लाको यमुनामाइ गाउँपालिकामा जडान गरिएको दर्जन भन्दा बढी टावर लाइट वर्षौं देखि विग्रिएको छ ।

यमुनामाइ गाउँपालिका-५ भुनखुन्वा लगाएतका वडामा करिब एक वर्षदेखि दर्जनौ टावर लाइट विग्रेको भए पनि त्यसलाई मर्मत सम्भार गराउन पालिकाले कुनै ध्यान नदिएको स्थानीयहरुले

गुनासो गरेका छन् ।

लाखौं खर्च गरिएर जडान गरिएको टावर लाइटहरु लामो समयदेखि मर्मत नहुँदा स्थानीय सडकहरु अन्ध्यारोमय बनेको छ ।

टावर लाइटको बत्ती बल्न छाडे पछि रातिको समयमा भुनखुन्वा लगाएतका चोकका पसलहरुमा चोरी हुन थालेको स्थानीयहरु बताउँछन् ।

गाउँपालिका पूर्व अध्यक्ष श्रीप्रसाद मुखियाले पालिका र प्रदेशबाट गरी जडान गराएको अधिकांश टावर लाइट पछिल्लो एक वर्षदेखि बल्न छाडेको छ ।

मर्मत सम्भारको अभावमा विग्रेको टावर लाइटको बत्ती नबलेपछि अध्यारोको मौका छोपेर त्याहाँका पसल तथा घरहरुमा चोरीको घटनामा वृद्धि भएको छ भने रातीको समयमा सवारी दुर्घटनाको जोखिम समेत बढेको छ । पालिकामा जडान गरिएकोमध्ये अधिकांश टावर लाइट विग्रेको स्वीकार गर्दै यमुनामाइ गाउँपालिका अध्यक्ष मोहम्मद साउदले विग्रिएको टावर लाइट मर्मत गर्न आफू लागि परेको बताए ।

केही टावर लाइटहरु मर्मत गरी पुनः सञ्चालनमा ल्याएको र बाँकी लाइटहरु पनि मर्मत गर्ने क्रममै रहेको अध्यक्ष साउदले बताए ।

केही दिन भित्रमा बिग्रेको सबै लाइटहरु मर्मत गरी सञ्चालनमा ल्याइसक्ने बताउँदै उनले टावर लाइट जडान हुन बाँकी रहेको चोक तथा गाउँहरुमा टावर लाइट जडान गर्न लागेको बताए ।

यमुनामाइ मात्र नभएर पालिका र प्रदेश सरकारको लगानीमा जिल्लाको विभिन्न ठाउँमा जडान गरिएको टावर लाइटहरु बिग्रेको भए पनि मर्मत गर्न जनप्रनिधिहरुले ध्यान नदिएको जनगुनासो छ ।

नगरका ८८ प्रतिशत मुद्दा पछ्र्यौट

टुडे समाचारदाता

राजविराज । सप्तरीको खडक नगरपालिकाको न्यायिक समितिमा साँध सिमाना सम्बन्धी विवादका उजुरी सबैभन्दा बढी दर्ता भएका छन् । दर्ता भएका मुद्दाको ८८ प्रतिशत फछ्र्यौट भएको बताइएको छ ।

नगरको न्यायिक समितिमा दर्ता भएका मुद्दामध्ये साँध सिमानाको विवाद सम्बन्धी २ ९ वटा मुद्दा छन् । यो कुल मुद्दाको २३ प्रतिशत हो । खडक नगरपालिकाको न्यायिक समितिमा गएको आर्थिक वर्ष २०७९-८० मा ६४ वटा मुद्दा दर्ता भएका थिए । तीमध्ये ५३ वटा मुद्दामा सुनुवाइ गरी फछ्र्यौट गरेको न्यायिक समितिका संयोजक उपप्रमुख रिता कुमारी चौधरीले जानकारी दिइन् । दर्ता भएकामध्ये ८८ प्रतिशत मुद्दा फछ्र्यौट गरेको उनले बताइन् ।

त्यस्तै, खान लगाउन नदिएको, कुटपिट, दाइजो, लेनदेन सम्बन्धी पनि उजुरी पर्नेगरेको चौधरीले जानकारी दिए । उपप्रमुख चौधरीका अनुसार 'मिलेसम्म मिलापत्र गराउँछौं, धेरै प्रयास गर्दा पनि नमिले अदालत पठाउने गरिन्छ ।

विकासको नाममा शुल्क उठाउँदै सर्लाहीका सरकारी विद्यालय

टुडे समाचारदाता

मलंगवा । नेपालको संविधान २०७२ बमोजिम माध्यमिक तहसम्मको शिक्षा पूर्णरूपमा निःशुल्क भए पनि सर्लाहीको एक सरकारी विद्यालयले विकासको नाममा चर्को शुल्क उठाइरहेको त्यहाँ अध्यनरत विद्यार्थीहरुले गुनासो गरेका छन् । संविधान अनुसार कुनै पनि विकासको नाममा शुल्क उठाउन नमिल्ने भनि उल्लेख्य रहे पनि सर्लाहीको हरिपुर्वा नगरपालिका-५ मा रहेको श्री केश्वर गरिब जनता माध्यमिक विद्यालयले शुल्क लिइरहेको छ ।

अहिले कक्षा ९ र १० को रजिष्ट्रेशन फर्म भर्ने काम भइरहेको छ । फर्मको बहानामा विद्यालयले कक्षा ९ का विद्यार्थीहरुसँग प्रति विद्यार्थी १ हजार ३ सय ९५ र कक्षा १० मा १ हजार ७ सय ६० को दरले रकम उठाउदै गरेको हरिपुर्वाका एक युवा नेता संतोष यादबले आरोप लगाए । सरकारी विद्यालयमा अधिकांश गरिब घरपरिवारका बालबालिकाहरु पढ्ने गरेकाले यस्ता शुल्क हटाउनु पर्ने अभिभावकहरूले माग गरेका छन् ।

उक्त विद्यालयले कक्षा ९ का विद्यार्थीहरुसँग विकास शुल्क बापत ४५० रुपैयाँ, सरस्वती पूजाको चन्दा वापत २ सय रुपैयाँ , परीक्षा वापत ३ सय ६० रुपैयाँ , रजिष्ट्रेशन शुल्क वापत ३ सय ५० रुपैयाँ र विद्युत तथा फर्म शुल्कको नाममा

३५ रुपैयाँ गरी जम्मा १ हजार ३ सय ९५ रुपैयाँको बिल काटिरहेका छन भने कक्षा १० को एसइइ परीक्षा फर्म दर्ताको नाउँमा प्रति विद्यार्थी विकास शुल्क वापत ५ सय रुपैयाँ ,सरस्वती पूजाको चन्दा बापत २ सय रुपैयाँ , परीक्षा वापत २ सय रुपैयाँ , एसइइ फारम वापत ५ सय ५० रुपैयाँ , मूल प्रमाणपत्रको ३ सय रुपैयाँ र विद्युत्को नाममा १० रुपैया गरी जम्मा १ हजार ७ सय ६० रुपैयाँको दरले बिल काटिरहेको कक्षा ९ मा अध्यनरत विद्यार्थी उज्ज्वल साहले बताए ।

उक्त विद्यालयमा अहिले कक्षा ९ र १० मा सेक्सन "ए" र " बि" लाई मिलाएर जम्मा ५ सय जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । यहाँ पढ्ने अधिकांश विद्यार्थीहरु म जस्तै गरिब परिवारका रहेकाले यसरी विभिन्न बहानामा शुल्क लिदा पैसाको अभावमा पढाइलाई बिचमै छाड्न बाध्य हुनुपर्ने कक्षा ९ की छात्रा पिंकी कुमारी यादवले सुनाइन् ।

विद्यालय व्यव्स्थापन समितिका अध्यक्ष मनोज यादवले विकास शुल्क अभिभावक सहयोग शुल्कको नाममा लिइरहेका बताए । सहयोग शुल्कबाट नै ३ वटा शिक्षक २ वटा कार्यालय सहयोगी र पालेलाई तलब खुवाउनुको साथै विद्यालयको मर्मत सम्भारका कामहरु गरिरहेको यादवले बताए । स्थानीय सरकारले सहयोग गरे कुनै किसिमको शुल्क नउठाउने उनले बताए ।

विगत १० बर्षदेखि सोही रकमको दरले विकास शुल्क लिदै आइरहेको र यसमा एक रुपैयाँ पनि थप नगरेको प्राधानाध्यापक संजय कुमार यादवले बताए । यसरी उठाएको रकम निजी स्रोतमा कार्यरत शिक्षक ,कर्मचारीको तलब र मर्मत सम्भारको काममा खर्च गरेको र बाँकी बचेको रकम विद्यालयको नाममा एनआइसी एसिया बैंकमा खोलिएको खातामा जम्मा गर्दै आएको प्रअ यादवले बताए ।

हरिपुर्वा नगरपालिका शिक्षा शाखाका प्रमुख जनक काफ्लेले भने सामुदायिक विद्यालयमा कुनै किसिमको शुल्क उठाउने नियम नरहे पनि विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर विद्यालय संचालनका लागि शुल्क तोक्न सक्ने व्यवस्था रहेको बताए ।

भुक्तानीको माग गर्दै कर्मचारी र व्यापारी आन्दोलनमा

बखतियार अलि

मलंगवा । सर्लाहीको कबिलासी नगरपालिकामा कार्यरत करारका कर्मचारी र व्यापारीहरु पालिका विरुद्ध आन्दोलनमा उत्रेका छन् । पालिका अन्तर्गत १० वटै वडामा कार्यरत करार सेवाका सिएमए, कार्यालय सहयोगी तथा सवारी चालकहरु गरी ३६ जना कर्मचारीहरु विगत १५ महिनादेखि तलव भत्ता नपाएको भन्दै आन्दोलनमा उत्रेका छन् । दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको पालिका माथि १५ महिनाको तलब भत्ता बापत १ करोड २४ लाख २७ हजार रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको कबिलासी नपाका-८ का वडा कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर सन्तोष कुमार यादवले बताए ।

आफूहरु पटक-पटक तलब भत्ता भुक्तानी गरिदिन अनुरोध गर्दा पनि कुनै सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको उनले बताए । कबिलासी नगरपालिकाको कार्यालय रहेको क्षेत्र आसपासका आधा दर्जन

व्यापारीहरु पनि पालिका माथि ८ लाख ३७ हजार रुपैयाँ बाँकी रहेको तर, पालिकाले भुक्तानी गर्न आलटाल गरेको भन्दै कर्मचारीहरु सँगै मिलेर आन्दोलन थालेका छन् । हरिन्दर होटलका सञ्चालक हरिन्दर साहका अनुसार पालिकाले विभिन्न पसलहरुबाट सामानहरु उधारोमा खरिद गर्दै आएको र सो बापत बिल लिएर भुक्तानी माग्न जाँदा विभिन्न बहानाहरु बनाएर भुक्तानी दिन आलटाल गर्दै आएको छ ।

हरिन्दर होटलको १ लाख ३४ हजार बाँकी रहेको छ । सोही ठाउँको राजीव किराना पसलको ५१ हजार, दिपु होटलको ७२ हजार र प्रणव कम्युनिकेशनको ५४ हजार ७ सय रुपैयाँ भुक्तानी लिन बाँकी रहेको व्यापारीहरुले बताए । पालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत बिष्णु यादव आएको छ । पालिकामा कार्यरत सहलेखापाल सुरेन दास कार्यालयमा नआउँदा समस्या बढ्दै गएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए । लेखापाल के कति कारणले कार्यालय आउदैन र फोन गर्दा फोन पनि उठाउदैनन् यस्तो गैरजिम्मेवार लेखापालका कारण समस्या भएपछि आफूले लेखापाल संग स्पष्टीकरण लिखितमा मागेको पनि अधिकृत यादवले बताए । लेखापाल दासका कारण समग्र कविलासी नगरपालिकाको बदनामी भइरहेको उनले आरोप लगाए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८